का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ मंसिर २०७९,
आइतबार
11 December 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २९५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# रफ्तारमा प्रचण्ड

शक्ति बढाउने रणनीतिमा रहेका प्रचण्ड मिलेसम्म पार्टी एकता गर्ने र नमिलेकासँग मोर्चा बनाएर अघि बढ्ने तयारीमा छन् । नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, जसपा र जनमत पार्टीलाई समेटेर मोर्चा बनाउने उनको आन्तरिक तयारी छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

आमनिर्वाचनको मतपरिणाम प्राविधिक रुपमा सार्वजनिक हुन बाँकी छ । कानुनत निर्वाचन आयोगले अन्तिम मतपरिणाम सार्वजनिक गरेपछि नयाँ सरकार गठनको गृहकार्य अगाडि बढ्नेछ ।

तर, औपचारिक रुपमा सरकार गठनको प्रक्रिया अगाडि नबढ्दै प्रधानमन्त्री बन्ने दौडमा रहेका नेकपा माओवाद केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भेटघाट तीव्रता पारेका छन् । उनी साना र ठूला सबै दलसँग संवादमा छन् । चुनावमा विपक्षी गठबन्धनको नेतृत्व गरेको एमालेका नेताहरुसँग पनि संवादमा छन् । गत सोमबार खुमलटार स्थित आफ्नै निवासमा प्रचण्डले एमाले सचिव रघुवीर महासेठसँग भेटघाट गरे । त्यसअघि एमाले अध्यक्ष केपी ओलीले प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि फोन गरेर प्रचण्डलाई बधाई दिँदै मिलेर अगाडि बढ्न सकिने भनी प्रस्ताव गरेका थिए । यस पृष्ठभूमिमा ओलीनिकट नेता महासेठले प्रचण्डसँग भेट गरेका हुन् ।

सोमबार नै सत्तारूढ गठबन्धनको बालुवाटारमा बैठक बसेको थियो । उक्त छलफलमा सत्तारूढ गठबन्धनकै पुनः सरकार बनाउने सहमति जुटेको छ । तर, गठबन्धन बैठकअघि प्रचण्डलाई एमाले सचिव महासेठ र एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालसमेत छुट्टाछुट्टै भेट गरेका थिए ।

'जसरी पनि प्रधानमन्त्री बन्ने' दौडमा रहेका प्रचण्डले 'भए सत्तारूढ गठबन्धनबाट नभए एमालेसहितका दलहरूको समर्थनमा प्रधानमन्त्री बन्ने' चाहना राखेको कतिपय नेताहरु बताउँछन् । केही दिन अगाडि सिन्धुपाल्चोकको सुकुटे पुगेका प्रचण्डले त्यहाँ प्रधानमन्त्रीका लागि आन्तरिक छलफलमा आफैं लागेको बताएका थिए । त्यस दिन उनले 'सरकारको नेतृत्व गर्नका लागि आफँ आन्तरिक तयारीमा जुटिसकेको' जानकारी कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई गराइसकेको बताएका थिए ।

> निर्वाचनको अन्तिम मतपरिणाम निर्वाचन आयोगले राष्ट्रपतिसमक्ष पेश गरेपछि दलहरुले संसदीय दलको नेता चयन गर्ने प्रक्रिया सुरु हुन्छ । त्यसपछि मात्रै सरकार गठनबारे छलफल हुनेछ ।
>
> **प्रचण्ड**
> **अध्यक्ष, माओवादी केन्द्र**

व्यवहारमा पनि प्रचण्डले सत्तागठबन्धनको बैठक अगाडि र पछाडि पनि भेटघाट निरन्तर जारी राखेका छन् । १२ मंसिरमा डिल्लीबजार कारागार पुगेर प्रचण्डले जेलजीवन बिताइरहेका रेशम चौधरीलाई भेटे पुगे ।

प्रचण्डले भेटेर फर्किएको अर्को दिन १३ मंसिरमा चौधरीलाई भेट्न नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पुगेका थिए ।

भेटमा बाबुराम र नेपालले नयाँ सरकार निर्माणमा साथ दिन चौधरीलाई आग्रह गरेका थिए । प्रतिनिधिसभामा कुनै पनि दलले बहुमत ल्याउन सकेनन् । सत्ता गठबन्धनमा आवद्ध पाँच दल गठबन्धन गरेर चुनावमा गए पनि सत्ता गठबन्धनको बहुमत आएन । सरकार बनाउन आवश्यक पर्ने बहुमत नआएपछि साना दललाई समेट्नु पर्ने बाध्यतामा सत्ता गठबन्धन छ ।

तर, प्रचण्ड भने सरकार बनाउनेभन्दा पनि मिल्न सक्ने साना दलहरूसँग पार्टी एकता गरेर माओवादीलाई बलियो शक्तिका रूपमा उभ्याउने रणनीतिमा रहेको उनीनिकट नेताहरु बताउँछन् । पार्टी एकता गर्न नसके मोर्चा बनाउने उनको प्रयत्न छ । सबैभन्दा पहिला नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीसँग मोर्चा बनाउने प्रचण्डको रणनीति छ ।

उनी निकट नेताहरुका अनुसार प्रचण्ड अहिले जसरी पनि प्रधानमन्त्री हुन चाहन्छन् । प्रधानमन्त्री बन्न चाहेका प्रचण्ड माओवादीले सोचेजस्तो सिट नजित्दा तनावमा छन् । प्रचण्डसहित माओवादी केन्द्रका नेताहरू माओवादीबाहेक कांग्रेस र एमाले कसैको नेतृत्वमा पनि सरकार नबनोस् भन्ने चाहन्छन् । यदि कांग्रेस र एमाले मिलेर सरकार बनेन भने माओवादीबिना सरकार बन्न असम्भव छ । तथापि, रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार जान सक्ने बताएपछि प्रचण्ड थप दवाबमा छन् । यसकारण

– बाँकी पृष्ठ २ मा

खिचडी संसद

# कसरी होला सहमति ?

एकातिर दलहरुभित्रै बढ्दो विवाद अर्कातिर संसदमा एक दर्जन जति दलको प्रतिनिधित्व हुँदा संसद आरोपप्रत्यारोपको थलो मात्रै बन्न सक्ने धेरैको चिन्ता छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

गत २०७४ सालको आम निर्वाचनमा संसदमा मूलतः कम्युनिष्ट र कांग्रेसको मात्रै वर्चस्व थियो । जसमा साना दलको रुपमा केही मधेशकेन्द्रित दल पनि थपिएका थिए । तर, संसदमा थोरै दलको प्रतिनिधित्व भएपनि करिब दुईतिहाई नजिक मत पाएका कम्युनिष्टहरुले सत्ता जोगाउन नसक्दा २ पटक संसद विघटन भयो लज्जास्पद हार ब्योहोरेको कांग्रेसले सरकार गठन गर्ने अवस्था आयो । तर, यो पटक अर्थात् २०७९ मा सम्पन्न भएको आमनिर्वाचनपछि भने राष्ट्रिय पार्टीका रुपमा ७ दल आएका छन् भने एकीकृत समाजवादी, लोसपा र स्वतन्त्रहरुको पनि वर्चस्व देखिएको छ । लोकतन्त्रवादीदेखि राजावादीसम्मको संसदमा प्रवेशपछि संसद झनै खिचातानीको केन्द्र बन्ने टिप्पणी हुनथालेको छ ।



'यो पटकको संसदमा झनै वेथिती हुने देखिएको छ, अनेक थरि विचारधारा बोकका व्यक्तिको प्रवेशताले संसद विवादमा फस्ने र मध्यावधि चुनाव गर्नुपर्ने अवस्था आउने पनि देखिन्छ, राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले पुन जनताले विद्रोह गर्ने अवस्था आउनसक्ने संकेत समेत गरेका छन् । अब बन्ने संसदमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, राप्रपा र जनमत पार्टीको सहभागिता रहने देखिन्छ भने राष्ट्रिय दल नबनेका स्वतन्त्र देखि अन्य पार्टीको पनि संसदमा प्रतिनिधित्व हुनेछ ।

'एउटा दलले चाहे गठबन्धनले होस् स्पष्ट बहुमत ल्याएर पाँच वर्ष मुलुक चलाउन सक्नुपर्छ, कुनै दलले पाँच वर्ष सरकार चलाएमा त्यसको गुणदोष र क्षमता जनताले देख्न पाउँछन । यस कारणले यसो भएन भन्न पाउँछन् । तर अहिले कसैको बहुमत आएन । संसदमा खिचडी हुने देखियो' राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले भने । उनले स्थायी सरकार नबन्दासम्म लोकतन्त्र मजबुत नहुने प्रष्ट बनाएका छन् ।



> कसैको बहुमत आएन । संसदमा खिचडी हुने देखियो ।
>
> **चित्रबहादुर केसी**
> **अध्यक्ष, राष्ट्रिय जनमोर्चा**

त्यतिमात्रै होईन, निर्वाचनको परिणाम बाहिरि एसँगै सरकारको नेतृत्व कसरी गर्ने भनेर दलहरुको दौडधुप पनि त्यत्तिकै चलेको छ । पहिलो दल बनेको नेपाली कांग्रेस भित्र प्रधानमन्त्री बन्ने दौडधुपमा वरिष्ठ नेताहरु रामचन्द्र पौडेल, प्रकाशमान सिंह, शशांक कोइरालादेखि शेखर कोइराला र महामन्त्री गगन थापा समेत लागेका छन् । तर, सर्वसम्मत संसदीय दलमा चयन नहुने देखेपछि कुन रणनीति अपनाउने भन्ने दलका नेताहरुको प्रयास जारी देखिएको छ । एकातिर दलहरुभित्रै बढ्दो विवाद अनि अर्कातिर संसदमा एक दर्जन जति दलको प्रतिनिधित्व हुँदा संसद आरोपप्रत्यारोपको थलो मात्रै बन्ने देखिएको छ ।




> पछिल्लो पटक सबैले निर्वाचन खर्चिलो र भड्किलो भयो भनेको सुनियो । तर, यसपटक पद, पैसा, पहुँच र पाखुराको भरमा नभई नीति, सिद्धान्त, विचार, निष्ठा र प्रतिबद्धताले जित्नुपर्छ भन्ने स्थापित गर्‍यौं ।
>
> **दिनेश कुमार थपलिया**
> **प्रमुख निर्वाचन आयुक्त**

# सोमबार अन्तिम मत परिणाम

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

निर्वाचन आयोगले आगामी सोमबार हालै सम्पन्न निर्वाचनको अन्तिम मत परिणाम सार्वजनिक गर्ने भएको छ ।

समानुपातिकतर्फ संघीय संसदमा नेकपा एमालेले ३४ सिट, नेपाली काँग्रेसले ३२ सिट, माओवादी केन्द्रले १४ सिट, राष्ट्रिय स्वतन्त्र पार्टीले १३ सिट, राष्ट्रिय प्रजातन्त्र पार्टीले ७ सिट, जनता समाजवादी पार्टी र जनमत पार्टीले ५/५ सिट समानुपातिकतर्फ सिट संख्या प्राप्त गरेका छन् । राजनीतिक दलहरुले आफूले पाएको सिटमा उम्मेदवारहरु चयन गरिसके । यदाकदा रहेको विवादलाई आइतबार सच्याउन समय दिएर र आयोग आफैंले पनि यसअघि निर्वाचन आयोगमा दलहरुले बुझाएको विवरणसँग मेल खाए/नखाएको हेरेर सोमबार अन्तिम मत परिणाम सार्वजनिक गर्ने तयारी गरेको हो ।

> दलहरुले आफूले पाएको सिटमा उम्मेदवारहरु चयन गरिसके । यदाकदा रहेको विवादलाई आइतबार सच्याएर निर्वाचन आयोगले अन्तिम मत परिणाम सार्वजनिक गर्ने तयारी गरेको हो ।

निर्वाचन आयोगले समानुपातिकतर्फबाट सांसदहरु समेत निर्वाचित भएको एक हप्ताभित्र निर्वाचन सम्बन्धि सम्पूर्ण प्रतिवेदन राष्ट्रपति विद्या भण्डारी समक्ष बुझाउने स्पष्ट पारेको छ। आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले समानुपातिकतर्फको पनि सांसदहरु निर्वाचित भएको घोषणा भएको मितिले ७ दिनभित्र राष्ट्रपति समक्ष निर्वाचन सम्बन्धी प्रतिवेदन बुझाइ सक्नुपर्ने कानुनी व्यवस्था भएकाले सोही अनुसार काम गर्ने बताए ।

'राजनीतिक दलले बुझाएको नामावली जाँचबुझ गरेर सोमबार समानुपातिकतर्फका सांसद निर्वाचित भएको घोषणा गरिने छ । यो सँगै अन्तिम मत परिणाम सार्वजनिक हुनेछ' निर्वाचन आयोगका सहसचिव भट्टराईले भने । निर्वाचन सम्बन्धि सम्पूर्ण प्रतिवेदन राष्ट्रपति विद्या भण्डारीलाई बुझाएपछि निर्वाचन सम्पन्न भएको मानिन्छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया उच्च राजनीतिक संस्कार स्थापित गराउन निर्वाचन सफल भएको बताउँछन् ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनले मुलुकमा उच्च राजनीतिक संस्कार स्थापित गर्न सफल भएको उनको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# साउदीको 'भिजन ट्वाण्टी थटी' परियोजनाबाट नेपालले लाभ लिन सक्नुपर्ने सरोकारवालाहरुको भनाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ मंसिर

आर्थिक, प्रशासनिक तथा कुटनैतिक क्षेत्रका व्यक्तित्वहरूले खाडी मुलुकहरूमा नेपालले कामदार पठाउनुका अतिरिक्त आर्थिक क्षेत्रका विविध पक्षमा सहकार्य अघि बढाउनुपर्ने बताएका छन् ।

नेपालस्थित साउदी अरेबियाको दूतावासले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँगको सहकार्यमा शनिबार आयोजना गरेको 'भिजन ट्वाण्टी थटी' वृत्तचित्र प्रदर्शनका क्रममा उनीहरूले वैदेशिक रोजगारीमा नेपाली कामदार जाने खाडी मुलुकहरूसँग आर्थिक क्षेत्रका विविध पक्षमा सहकार्य अघि बढाउनु अनिवार्य रहेको बताए ।

नेपाली कामदार जाने मुस्लिम बाहुल्यता भएका खाडी मुलुकहरू क्रमशः परम्परागत शैलीबाट तिव्रताका साथ आधुनिकीकरणतर्फ अग्रसर भएको र त्यसबाट लाभ लिन नेपालले आर्थिक, सामाजिक तथा कुटनैतिक पहललाई एकीकृत र सघनरूपमा अघि बढाउनु आवश्यक रहेको उनीहरूको भनाइ छ ।




कार्यक्रममा खाडी मुलुकको प्रमुख रोजगार गन्तव्य साउदी अरेबियाले पर्यटन, सेवा, डिजिटल तथा अन्य गैर पेट्रोलियम गतिविधिका माध्यमबाट रोजगारीको सिर्जना र अर्थतन्त्रको विकास रणनीति 'भिजन ट्वाण्टी थटी' र उक्त मुलुकमा कार्यरत नेपाली कामदारको अनुभव समेटिएको वृत्तचित्र प्रदर्शन गरिएको थियो ।

आयोजक साउदी अरब, कतारका राजदूत तथा यूएई र इजिप्टका कार्यवाहक राजदूतहरू उपस्थित कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष भवानी राणाले नेपाल र साउदी अरबलगायत खाडी मुलुकका सांस्कृतिक तथा भौगोलिक विविधता फरक-फरक रहेकोले पर्यटन प्रवर्द्धनका लागि साझा अवधारणाको विकास, नेपालको शुद्ध र खनिजयुक्त मिनिरल वाटरमा खाडी मुलुकहरूको लगानीमा जोड दिइन् ।

उनले साउदी अरबमा नेपाली कामदार विश्वसनीय जनशक्तिको पहिचान कायम गर्न सफल भएकोले श्रम सम्झौताको माध्यमबाट उनीहरूको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५
fb:mountain multiple mmtc

# चेपे-ए जलविद्युत् आयोजनामा आगजनीका साथै तोडफोड

**मध्यान्ह संवाददाता**
लमजुङ, २४ मंसिर



लमजुङ र गोरखाको सीमानामा रहेको चेपे खोलामा निर्माणाधीन ७ मेगावाटको चेपे-ए जलविद्युत आयोजनामा आगजनीका साथै तोडफोड भएको छ ।

लमजुङको वृहत सिँचाई आयोजना राइनासटार सिँचाई आयोजनाको मुहान नै प्रभावित पारेर आयोजना निर्माण गरेको भन्दै प्रभावित स्थानीयले हाइड्रो पावरमा तोडफोडका साथै आगजनी गरेका हुन् । चम्पावती हाईड्रोपावर प्रालि प्रवर्द्धक रहेको ७ मेगावाट क्षमताको उक्त आयोजनाका कारण राईनासटार सिँचाई योजना प्रभावित हुन सक्ने प्रभावित बासिन्दाले बताएका छन् । राईनास नगरपालिकाका वडा नं १ देखि ७ सम्मका भलायखर्क, चक्रतीर्थ, धमिलिकुवा लगायतका क्षेत्रबाट आयोजना स्थल पुगेका आक्रोशित उपभोक्ताले कार्यालयमा ढुंगा प्रहार गरेका थिए ।

प्रभावित स्थानीयले परिसरमा रहेको दुई वटा स्टोर, ट्रिपरहरु, डोजर, कार्यालयका फर्निचर, कागजात र उपकरणमा पनि आगजनी गरेका छन् । उनीहरुले आयोजनाका कर्मचारी र सुरक्षामा तैनाथ प्रहरीमाथि समेत आक्रमणको प्रयास गरेका थिए ।

सिँचाई योजना जल उपभोक्ता समितिका कोषाध्यक्ष गोविन्दराज न्यौपानेका अनुसार सिँचाई योजनाको नहरको मुहान भन्दा करिब सय मिटर तल पानी खसाल्ने गरी जलविद्युत आयोजनाले पावर हाउस निर्माण गरिरहेको सो को कारण भविष्यमा पानी नहरमा चढ्न नसकी सिंगो राईनास उपत्यकामा सुख्खा लाग्नेछ । जल उपभोक्ता समितिका अध्यक्ष फणिन्द्रराज चिलुवालले

लामोसमय देखि सिँचाई उपभोक्ता समितिका तर्फबाट त्यस विषयमा सार्वजनिक सुनुवाई, वार्ता र संवाद हुँदै आएपनि आफ्ना समस्यालाई वेवास्ता गरेर मनोमानी ढंगले निर्माणको काम गरिरहेकोले थप दवाव सिर्जना गर्दै ध्यानाकर्षण गराउन उपभोक्ताले आन्दोलनका कार्यक्रम अघि बढाएको बताए । यता आयोजनाका प्रोजेक्ट ईन्चार्ज सजलमान सिंहले भने पावरहाउस निर्माणका कारण स्थानीयबासीले उठाए जस्तो नहरको मुहानमा पानी नचढ्ने समस्या नहुने बताए । प्राविधिक डिजाईन अनुसार पावरहाउसको पानी नहरको मुहान भन्दा माथिल्लो सतहमा खस्ने उनी उनको भनाई छ ।

## प्रयास साकोसद्वारा सहकारी शिक्षा तालिम तथा अन्तर्क्रिया सम्पन्न

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २४ मंसिर



प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बुटवल १२ तामनगरको आयोजनामा एक दिने सहकारी शिक्षा तालिम तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । सहकारीताको प्रवर्द्धन गर्ने र व्यावसायिक विकासमा टेवा पुर्‍याउने उद्देश्यसहित प्रशिक्षण कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

संस्थाका सचिव प्रकाशमणि खनाल तथा लेखा संयोजक नारायण शर्माले प्रशिक्षण गरेको उक्त कार्यक्रममा संस्थाका ५७ जना सेयर सदस्यहरुले सहभागिता जनाएका थिए ।

कार्यक्रममा सहभागी सेयर सदस्य तथा अन्य वक्ताहरुले सहकारीले सेयर सदस्य केन्द्रित विभिन्न योजना तथा कार्यक्रम निर्माण एवं संचालन गर्दै आएकोमा खुसी एवम् सन्तुष्टि व्यक्त गरेका थिए । यसलाई आगामी दिनहरुमा पनि निरन्तरता दिनुपर्ने उनीहरुको भनाइ छ । कार्यक्रममा संस्थाको इतिहास समेटिएको शब्द चित्र पनि प्रस्तुत गरिएको थियो ।

यस पटक पद, पैसा, पहुँच र पाखुराको भरमा नभई नीति, सिद्धान्त, विचार, निष्ठा र प्रतिबद्धताले जित्नुपर्छ भन्ने स्थापित गर्‍यौं ।'

उनले आयोगले छलफल गरिरहँदा निर्वाचनको सन्दर्भमा अन्तर्राष्ट्रिय अभ्यास हेर्दा बाहिर देखिने भौतिक गतिविधि र हाम्रा यी सडकका भित्तामा भन्दा सामाजिक सञ्जालका भित्ताहरु अलि बढी रंगिन देखिने र विभिन्न कारणले निर्वाचनलाई दूषित पार्ने मनशाय बोकेका व्यक्तिहरूले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको माध्यमबाट निर्वाचनलाई अप्ठ्यारो पार्ने देखिएकाले यसलाई नजिकबाट नियमन गर्न यस पटक सफल भइरहेको पनि बताए ।

उनले अब भौतिक रुपमा वा सडकमा हुने कुरामा मात्र होइन सामाजिक सञ्जालमार्फत पनि निर्वाचन प्रभावित गर्न पाइँदैन भन्ने कुरा स्थापित भएको र निर्वाचनमा पराजितले विजेतालाई सहर्ष आत्मैदेखि बधाई दिनसक्ने वातावरण बनाउनुपर्छ भन्ने मान्यता पनि यस पटकदेखि स्थापित भएको उल्लेख गरे । उनले निर्वाचन अधिकृतहरूले काम गर्ने सिलसिलामा केही अप्ठ्यारा आएका भए सुधारका लागि सुझाव दिन आग्रह गरे । प्रमुख आयुक्त थपलियाले आयोग वर्तमान निर्वाचन कानूनसँग सन्तुष्ट नभएको बताउँदै भने, 'हामी वर्तमान निर्वाचन कानूनसँग सन्तुष्ट छैनौं । हामी अब छिट्टै नयाँ कानूनद्वारा निर्वाचनको व्यवस्था गरिनुपर्छ भन्ने व्यापक तयारी गरिरहेका छौं । सम्भवतः यो नयाँ संसदको नयाँ अधिवेशनमा नयाँ कानूनको मस्यौदा पेश हुनेछ ।'

### साउदीको...

पहिचान तथा सीप र प्रविधिको विकासमा ध्यान दिन जरुरी रहेको बताइन् । सो अवसरमा कन्सुलर विभागका महानिर्देशक धनबहादुर ओलीले साउदी अरबले अघि बढाएको भिजन २०२०-२०३० ले त्यस क्षेत्रमा पर्यावरणीय दीगो विकासको ऐतिहासिक लक्ष्य राखेकाले त्यसमा नेपाल सरकार र जनस्तरबाट सहकार्य हुन सक्ने बताए । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेलले ४ लाख भन्दा बढी नेपाली रहेको साउदी अरेबियासँग श्रम सम्झौताका लागि विभिन्न चरणमा छलफल भइरहेको भन्दै निकट भविष्यमा श्रम सम्झौताको अपेक्षा गरिएको बताए । कार्यक्रममा स्वागत मन्तव्य राख्दै संघकासहसंयोजक प्रेम कटुवालले १५ मार्च १९७७ मा कुटनैतिक सम्बन्ध कायम भएपछि नेपाल र साउदी अरेबियाबीच मित्रताको सौहार्द सम्बन्ध विकास भएको बताए । करिब ५ लाख नेपाली रोजगारीमा रहेको र जनस्तरबाट पनि विकास भइरहेको सम्बन्धलाई सन् २०१३ मा नेपाल सरकारको अनुरोधमा साउदी अरेबियाको राजदूतावास नेपालमा स्थापना भएपछि आपसी सम्बन्ध थप मजबुत भएको भन्दै सहसंयोजक कटुवालले द्विपक्षीय भ्रमण, व्यापार, लगानी, हजयात्रा र रोजगारीका क्षेत्रमा भइरहेको विस्तारले सम्बन्धलाई थप कसिलो बनाएको उल्लेख गरे ।

साउदी अरबले पेट्रोलियम पदार्थ बाहेकको आर्थिक विकासका लागि अघि सारेको भिजन २०२०-२०३० को परियोजनामा नेपालसहितका मित्र राष्ट्रहरूले सहकार्य गर्ने विश्वास व्यक्त गर्दै सहसंयोजक कटुवालले नेपालले उक्त परियोजनामा दक्ष कामदार पठाएर आफ्नो अर्थतन्त्रमा लाभ लिनसक्ने अवस्था रहेको बताए ।

द्विपक्षीय सम्झौता कार्यान्वयनका माध्यमबाट रोजगारीका लागि साउदी अरेबिया जाने नेपाली कामदारको संख्यामा वृद्धि हुने र नेपालमा साउदी अरेबियाको लगानीमा वृद्धि हुने अवस्था समेत रहेको भन्दै सहसंयोजक कटुवालले साउदी अरब तथा नेपाल दुबैतर्फ लगानीको सहज बाताबरण बन्नु आवश्यक रहेको औंल्याए ।

संघका संयोजक विमल ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ वैदेशिक रोजगार व्यवसायी हेम गुरूङ, संघ कार्यसमिति सदस्य वाईबि राई, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका अध्यक्ष सन्तकुमार लामा, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, मञ्चका उपाध्यक्ष परमेश्वर अधिकारी, साउदी नेपाल चेम्बरका अध्यक्ष एवम् अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक डा. ईश्वर जिसी, मदरल्याण्ड ओभरसिज प्रा.लि.का सञ्चालक टि बी पौडेललगायत साउदी अरेबियामा कामदार पठाउने म्यानपावर कम्पनी सञ्चालकहरूको उपस्थिति रहेको थियो ।

साउदी दूतावासले संक्षिप्त कार्यक्रम चाहेकाले सबै व्यवसायीलाई आमन्त्रण गर्न नसकिएको संघ स्रोतले बतायो ।

## छुट्टाछुट्टै दुर्घटनामा ६ जना घाइते

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, २४ मंसिर

सर्लाहीमा छुट्टाछुट्टै स्थानमा भएको दुर्घटनामा ६ जना घाइते भएका छन् । जिल्लाको बागमती नगरपालिका १ मिलन चोकस्थित पूर्व-पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा तीन जना घाइते भएका हुन् भने हरिवन नगरपालिका १ भोक्टेनीस्थित भित्री सडकमा भएको दुर्घटनामा तीन जना घाइते भएका जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

बागमती नगरपालिका १ स्थित पूर्व-पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वका लागि छुटेको बा ८९ प ५९९६ नम्बरको मोटरसाइकल र प्र. २-०३-००२२ प ७९९५ नम्बरको स्कुटरलाई सोही दिशाबाट आउँदै गरेको ना. २ च ३९६० नम्बरको कारले पछाडिबाट ठक्कर दिँदा स्कुटरका चालक हरिवन नगरपालिका ८ का अन्दाजी ३७ वर्षका धन बहादुर गोले, ३२ वर्षका भिम लामा र बा. ८९ प. ५९९६ नम्बरको मोटरसाइकलका चालक बागमती नगरपालिका १ का ३० वर्षीय सुकमान तामाङ घाइते भएका जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रविण पोखेलले जानकारी दिए ।

यस्तै, हरिवन नगरपालिका १ भोक्टेनीस्थित भित्री सडक खण्डमा बोलेरोले मोटरसाइकललाई ठक्कर दिँदा ३ जना घाइते भएका छन् । दक्षिणबाट उतरतर्फ जाँदै गरेको ज १ च १७११ नम्बरको बोलेरो र उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको ना ५३ प ९७९८ नम्बरको मोटरसाइकल ठक्कर खाँदा मोटरसाइकल चालक हरिवन नगरपालिका ८ का अन्दाजी २२ वर्षका नविन राइन, १८ वर्षका साहिल राणा र १८ वर्षीय विज्ञान घिमिरे घाईते भएका प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घाइतेहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा संग्लग्न सवारी साधनलाई ईलाका प्रहरी कार्यालय हरिवनले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## नेपाली जनप्रगतिशील मञ्च कतारद्वारा रक्तदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २४ मंसिर

नेपाली जनप्रगतिशील मञ्च कतारले वृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । दोहाको अलसादस्थित हमाद हस्पिटलको न्यू ब्लड डोनेसन सेन्टरमा उक्त कार्यक्रम सम्पन्न भएको हो । मञ्चका अध्यक्ष बुद्धि प्रसाद भण्डारीका अनुसार १ सय ९८ जना सहभागी भएको कार्यक्रममा ५८ जनाले रक्तदान गरेको थिए । ४० जना भन्दा धेरैको रगत बि प्लस भएको कारण रक्तदान गर्नबाट वञ्चित भएका थिए । बि प्लस ब्लड डोनेसन सेन्टरको स्टोरमै स्टक भएको कारण उक्त ब्लड नलिएको सेन्टरका एक प्रतिनिधिले जानकारी दिए । कार्यक्रममा नेपाली नियोगका द्वितीय सचिव प्रवीण भट्टराई, एनआरएनए कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान, मञ्चका मध्यपूर्व संयोजक शनि कुमार ओली, मञ्चका प्रमुख सल्लाहकार रमेश भट्ट, पूर्व अध्यक्ष होम नाथ शर्मासहित कतारमा स्थापित विभिन्न संघसस्थाका अध्यक्ष तथा प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार तथा तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । रक्तदाताहरूलाई मञ्चले धन्यवाद् ज्ञापन गर्दै सम्मान पत्रले सम्मान गरेको थियो । जनप्रगतिशील मञ्च नेकपा माओवादी केन्द्रको प्रवास संगठन हो ।

### रफ्तारमा ...

पनि प्रचण्ड आफ्नो शक्ति बढाउने रणनीतिमा छन् । यही रणनीतिका कारण अहिलेकै सत्ता गठबन्धनलाई निरन्तरता दिने भनेर चार दलले विज्ञप्ति जारी गरे पनि प्रचण्डको पहिला प्रधानमन्त्री बन्ने चाहना अनुसारको भेटघाट नरोकेका हुन् ।

शक्ति बढाउने रणनीतिमा रहेका प्रचण्ड मिलेसम्म पार्टी एकता गर्ने र नमिलेकासँग मोर्चा बनाएर अघि बढ्ने तयारीमा छन् । नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, जसपा र जनमत पार्टीलाई समेटेर मोर्चा बनाउने उनको आन्तरिक तयारी छ ।

जसपा अध्यक्ष उपेन्द्र यादवले एमालेसँगको गठबन्धनको औचित्य अन्त्य भएको घोषणा गरिसकेका छन् । यादव मनोनयन दर्ताको अघिल्लो दिन सत्ता गठबन्धनबाट बाहिरिएका थिए । सत्ता गठबन्धनबाट बाहिरिएर एमालेसँग चुनावी तालमेल गरेको जसपाले मधेस प्रदेशमा ठूलो धक्का ब्यहोरेको छ ।

एमालेसँग गठबन्धन गर्दा पनि चुनाव हारेका अध्यक्ष यादवले एमालेसँग गठबन्धनको औचित्य समाप्त भएको बताएकाले माओवादी केन्द्रसँग सहकार्य गर्न सक्ने आकलन कतिपयको छ । बलियो तेस्रो शक्ति निर्माण गर्ने रणनीतिमा जुटेका प्रचण्डलाई यादवले साथ दिने माओवादी केन्द्रका नेताहरु बताउँछन् । नेकपा एकीकृत समाजवादी, जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति र राष्ट्रिय जनमोर्चालाई एकै ठाउँमा ल्याएर आफ्नै नेतृत्वमा मोर्चा बनाउन सके बार्गेनिङ पावर बढ्ने प्रचण्डको बुझाइ छ । प्रचण्ड स्वतन्त्रबाट जितेका प्रभु साह र किरणकुमार साहलाई पनि मोर्चामा समाहित गर्ने योजनामा छन् । माओवादी नेताहरु बिभिन्न पार्टी र स्वतन्त्रबाट जितेकासहितको मोर्चा बनाउन सक्दा प्रचण्डसँग करिब ६५ सांसद हुने बताउँछन् । प्रत्यक्षमा १८ सिट जितेको माओवादीले समानुपतिकतर्फ १४ सिट पाएको छ । राष्ट्रिय पार्टी बन्न असफल नेकपा एकीकृत समाजवादीसँग १० जना प्रत्यक्ष निर्वाचित सांसद छन् भने नागरिक उन्मुक्ति पार्टीसँग चार (स्वतन्त्र जितेका लालवीर चौधरीसहित) सांसद छन् । प्रत्यक्ष ७ सिट जितेको जसपाले समानुपातिकतर्फ ५ सिट पाएको छ भने प्रत्यक्ष एक सिट जितेको जनमत पार्टीले समानुपातिकतर्फ पाँच सिट पाएको छ । प्रत्यक्ष एक सिट जितेको राष्ट्रिय जनमोर्चा र रौतहटबाट निर्वाचित प्रभु साहसहित स्वतन्त्र २ सांसद पनि छन् । एमालेले पनि माओवादी केन्द्रसँग मिलेर सरकार बनाउन कसरत गरिरहेको छ । त्यसका लागि एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रचण्डलाई फकाउन आफूनिकट नेताहरूलाई खटाएका छन् । चुनावको मतपरिणाम आएपछि एमाले उपाध्यक्षद्वय सुवासचन्द्र नेम्वाङ र विष्णु पौडेल तथा सचिव रघुवीर महासेठले प्रचण्डसँग भेटवार्ता गरेका थिए । तर, तत्कालै प्रचण्डले केही प्रतिक्रिया नदिए पनि माओवादीका नेताहरु भने एमालेसँग समेत संवादमा छन् ।

स्वमं प्रचण्ड पनि पार्टीहरूले दलको नेता चुनेपछि मात्र सरकार गठनबारे औपचारिक छलफल हुने बताउँछन् । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमपछि पत्रकारहरुलाई संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष प्रचण्डले यस्तो बताएका हुन् । उनले भने, 'निर्वाचनको मतपरिणाम निर्वाचन आयोगले राष्ट्रपतिसमक्ष पेश गरेपछि दलहरुले संसदीय दलको नेता चयन गर्ने प्रक्रिया सुरु हुन्छ । त्यसपछि मात्रै सरकार गठनबारे छलफल हुनेछ ।'

### सोमबार...

दाबी छ । निर्वाचनमा खटिएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सुरक्षा निकायका जिल्ला प्रमुखलगायतलाई धन्यवाद दिन जिल्ला निर्वाचन कार्यालय, काठमाडौँले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख आयुक्त थपलियाले आयोगले निर्वाचनको निष्ठा कायम राख्न गरेका अधिकांश अपेक्षाहरू पूरा भएको बताए ।

'हामीले नेपालमा २०४८ सालदेखिको निर्वाचन देख्दै आएका छौं । पछिल्लो पटक सबैले निर्वाचन खर्चिलो र भड्किलो भयो भन्ने सुनियो ।' आयोगले राखेका अपेक्षाहरूको विश्लेषण गर्दै उनले भने, 'यसकारण हामीले निर्वाचनमा


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२५**

**Otter Technology Pvt. Ltd.** को मिति २०७९/०७/३० गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **Ottr Technology Pvt. Ltd. (प्रा. लि. नं.: २६४७३०)** कायम गर्ने गरी मिति २०७९/०८/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**शे-फोक्सुण्डो गाउँपालिका**

ཕུག་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་

**गाउँ कार्यपालिकाको कार्यालय**

**साल्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

**सच्याइएको बारे**

**प्रकाशित मितिः- २०७९/०८/२५**

शे-फोक्सुण्डो गाउँपालिका साल्दाङ, डोल्पाबाट मितिः- २०७९।०८।२३ गते प्रकाशित भएको रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचनाको प्रकरण न. ३ मा दरखास्त दिने अन्तिम मिति :- २०७९/०९/०८ हुनु पर्नेमा अन्यथा भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



**रोहिणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धकधई, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

**सूचना प्रकाशित मिति : २०७९/०८/२५**

**सूचना प्रकाशित मिति : २०७९/०८/२५**

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला रोहिणी गाउँपालिका द्धारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | रोहिणी गाउँपालिका, धकधई, रुपन्देही |
| **प्रस्तावको व्यहोरा** | रोहिणी खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्य |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | रुपन्देही जिल्ला रोहिणी गाउँपालिका वडा नं. १, २, ३ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न रोहिणी गाउँपालिका वडा नं. १, २, ३ वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र इमेल** | रोहिणी गाउँपालिका , धकधई रुपन्देही<br>ईमेलः rohinigaupalika1@gmail.com फोन : ०७१४४१०४७ |
| **परामर्शदाताको नाम र ठेगाना** | रेसुङ्गा ट्रेनिंग एंड मल्टीप्रपोज प्रा लि.<br>ईमेलः resungatraining@gmail.com, सम्पर्क नं. ९८४३४३५६३१ |

**प्रमुख प्रशासकीय अधिकृत**



**पिपरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिपरा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि आश्यदाता छनौट सम्बन्धि सूचना**

**सूचना प्रथम पटक प्रकाशित :- २०७९/०८/२५**

पिपरा गाँउपालिकाबाट मिति २०७९/०६/२४ गते पत्रिकामा प्रकाशित "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम" संचालन गर्नका लागि तपशिल बमोजिम आशायापत्रदताको छनौट गरिएको छ । छनौट भएका आशयदातालाई तोकिए अनुसार प्राबिधिक र वितिय प्रस्तावना पेश गर्नको लागि अनुरोध गरिन्छ ।

**छनौट भएका आशयदाता :-**

| सि. नं. | साझेदार संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | हेफर प्रोजेक्ट नेपाल | हातिवन , ललितपुर |
| २ | डेभेलोप नेपाल | रामगोपालपुर-०८, महोत्तरी |
| ३ | युवाको प्रकाश | एकडारा गा.पा. - ०३, महोत्तरी |
| ४ | बल संरक्षण सामुदायिक अध्यन केन्द्र | जनकपुर -०४, धनुषा |

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन कार्यालय समय भित्र प्राबिधिक र आर्थिक प्रस्तावना पेश गर्न सुचित गरिन्छ . प्राबिधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस पिपरा गाँउपालिकाको वेवसाईट वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# पीडितलाई यथाशीघ्र न्याय दिलाउन सरकार सचेतः प्रधानमन्त्री




**काठमाडौं /मस**–प्रधानमन्त्री शेरबहादुर देउवाले द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित परिवारलाई यथाशीघ्र न्याय उपलब्ध गराउने बताएका छन् ।

शनिबार आयोजित ७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले शुभकामना दिँदै द्वन्द्वपीडित र परिवालाई यथाशीध्र न्याय दिन सरकार सचेत रहेको बताए ।

उनले भने, 'मानवअधिकारको विशेष संरक्षण र संवर्द्धन गर्न सरकार प्रतिबद्ध छ । द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित र पीडित परिवारलाई यथाशीघ्र न्याय गर्न सरकार सचेत छ ।' उनले राष्ट्रिय मानवअधिकार आयोगको कामको प्रशंसा गर्दै आयोगका समस्या र गुनासोको सम्बोधन गर्ने आश्वासनसमेत दिए ।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले सशस्त्र द्वन्द्वकालीन पीडितको न्याय विषय अनिश्चित बन्दै गएको बताए । 'संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा सर्वोच्च अदालतको आदेश, यस आयोगको सिफारिस र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानुनी व्यवस्था हुन नसक्दा सशस्त्र द्वन्द्वकालीन पीडितहरूको न्यायको विषय अनिश्चित बन्दै भएको छ' उनले भने ।

उनले फौजदारी कसुरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानवअधिकार उल्लंघनमा दोषी भनी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलले उम्मेदवार बनाएको भन्दै असन्तुष्टि व्यक्त गरे ।

लैंगिक हिंसा, जातीय विभेद तथा छुवाछूतका घटनामा पीडितको न्यायमा सहज पहुँच नभएको गुनासो गरे । उनले भने, 'समावेशितालाई संविधानअनुसार अङ्गिकार गरी कार्यान्वयनमा ल्याउनु सरकार, राजनीतिक दल र सबै सरकारको दायित्व हो । तर निर्वाचनमा समानुपातिक समावशिताको विषय केवल कानुनी र प्राविधिक विषयमात्र बन्नु दुःखद् पक्ष हो ।'

कार्यक्रममा डा.गौरी शंकरलाल दास र प्रतिमा गुरुङलाई स्व दयाराम स्मृति सम्मानबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्ष सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय भन्ने मूल नाराका साथ ७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइएको हो । सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो । यो घोषणापत्र जारी भएको दिनलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा मनाउँदै आइएको छ ।

## सुक्खा पहिरोको उच्च जोखिममा कालीकोटको मयगाउँ



**कालीकोट/मस–** कालीकोटको पचालझरना गाउँपालिका-८ को मय गाउँ पहिराको जोखिममा परेको छ । गाउँको जमिन भासिँदै जाँदा मय गाउँ सुक्खा पहिराको जोखिममा परेको हो । पानी नपरेका बेला पनि जमिन भासिँदै गएकाले मय गाउँका ३२ घरधुरी सुक्खा पहिराको जोखिममा परेका छन् । मय गाउँमा चार दिनदेखि खाली जमिन भासिँदै गएको र नयाँ तथा पुराना घरका पर्खाल फाट्न थालेको पचालझरना गाउँपालिकाका पूर्वध्यक्ष खड्कराज सेजुवालले बताए । 'तल पहिरो वा सडक केही पनि छैन, पानी पनि परेको छैन, तर जमिन भासिँदै जाँदा ३२ घरधुरी जोखिम बढ्दै गएको छ', उनले भने, 'नयाँ बनेका घरकासमेत पर्खालमा दुई भागमा चिरा परेका छन् ।'

मय गाउँमा जमिन भासिँदै गएको खबर आएको र त्यहाँ बसोबास गर्नेलाई अन्य ठाउँमा बस्ती सार्न भनिएको इलाका प्रहरी कार्यालय पचालझरनाका प्रहरी प्रमुख जनक भण्डारीले जानकारी दिए । 'गाउँमा जमिन भासिँदै गएको र पहिराको जोखिम बढ्दै गएको खबर पाएका छौं', उनले भने, 'त्यहाँका स्थानीय अगुवा तथा प्रहरी गएर बस्ती सुरक्षित स्थानमा सार्न भनिएको छ ।'

गाउँमा पानी पनि नपरेको र अहिले बस्तीमा रहेका घर भासिँदै गएका कारण गाउँमा त्रास फैलिएको स्थानीय रामबहादुर विकले जानकारी दिए । 'किन जमिन भासिँदै गएको छ, त्यसको कुनै पत्तो पाएका छैनौं', उनले भने, 'अहिले पहिरो आउने हो कि भनेर त्रास बढेको छ ।' तत्काल पहिराको जोखिममा रहेका परिवारलाई अस्थायी आवासको व्यवस्थापन गर्ने तयारी थालिएको गाउँपालिकाका अध्यक्ष देवजङ्ग शाहीले जानकारी दिए ।

## नेपाली सेनाका पूर्वरथी महत मृत फेला



**काठमाडौं /मस**-नेपाली सेनाका पूर्वरथी बलदेवराज महत मृत फेला परेका छन् । उनी बुढानीलकण्ठ ९ मा रहेको सिरडी कोलोनीको आफ्नै निवास झुण्डिएको अवस्थामा फेला परेका हुन् ।

पाँच वर्षअघि नेपाली सेनाबाट अवकास पाएका ६२ वर्षीय महत शनिबार मृत फेला परेका हुन् । उनको शव पोस्टमार्टम पछि परिवारले दाहसंस्कारका लागि बुझेका छन् । उनको मृत्युको कारण खुल्न सकेको छैन् । हास्यव्यंग्यकार समेत संलग्न महतका 'चिप्ला कुरा', 'एकै ड्याङका मुला', 'दुवै हातमा लड्डु', 'कुर्सीको जय होस्', 'भालुलाई पुराण', 'चोरको खुट्टा काट्' लगायत कृति प्रकाशित छन् ।

## सिंहदरबारभित्र पुराना सवारीसाधन लिलाम बिक्री गर्न परिपत्र



**काठमाडौं/मस**-सिंहदरबार परिसरभित्रका काम नलाग्ने र बिग्रिएका सवारीसाधन बिक्री गर्न केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले सबै मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएको छ ।

मुख्यसचिव शंकरदास बैरागीको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको मङ्सिर १३ गते बसेको ६३ औं बैठकले निर्णय कार्यान्वयनका लागि सबै मन्त्रालय र निकायलाई परिपत्र गरिएको हो । 'सिंहदरबार परिसरभित्र रहेका विभिन्न निकायका पुराना सवारी साधनको उचित व्यवस्थापनका लागि तत् तत् निकायले कानुनबमोजिम लिलामी प्रक्रिया तत्काल अघि बढाउन निर्देशन छ', समितिको परिपत्रमा भनिएको छ ।

त्यस्तै, सिंहदरबार परिसरभित्रको सुरक्षा व्यवस्था, ट्राफिक लाइट र सौन्दर्यकरणजस्ता कार्यका लागि सम्बन्धित निकायलाई पहल गर्न पनि निर्देशन दिइएको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार, सम्भावित शीतलहरबाट हुने असर न्यूनीकरण, संयुक्त बजार अनुगमनलगायत विषयमा पनि केन्द्रीय अनुगमन समितिले निर्देशन दिएको छ ।

त्यस्तै राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र वितरणसम्बन्धी कार्यलाई सरलीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । अन्तरनिकाय सूचना आदान-प्रदानमा सहजीकरण गर्न र एकीकृत सूचना प्रणाली अवलम्बन गर्न 'डाटा गभर्नेन्स'लाई प्रभावकारी बनाउन पनि समितिको निर्देशन छ ।

त्यस्तै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सामुदायिक विद्यालयमा आवश्यक पर्ने पाठ्यपुस्तकको छपाइ गरी समयमा नै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गर्न निर्देशन दिइएको छ । समितिले अर्थ मन्त्रालयलाई राजस्व बढाउनका लागि बजार अनुगमन प्रभावकारी बनाउन निर्देशन दिएको छ । 'केही मालवस्तुको औपचारिक आयातको विवरण र बजारमा सामानको उपलब्धताबीच तालमेल नभएको हुँदा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागले बजार अनुगमन बढाउन र चोरी-पैठारी नियन्त्रणमा खटिएका भन्सार सुरक्षा गस्तीहरुले समेत निगरानी बढाउन निर्देशन छ', परिपत्रमा भनिएको छ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सरकारी अस्पतालको सरसफाइ तथा फोहोर व्यवस्थापन कार्यको गुणस्तर सुधार गर्न र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दुर्गम क्षेत्रमा हुने हवाई उडानलाई सहज बनाउन आवश्यक व्यवस्था गर्न निर्देशन दिइएको छ ।

केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिबाट भएका निर्णयहरु कार्यान्वयन भए/नभएको बारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी दिन भनिएको छ । त्यस्तै निर्णय कार्यान्वयनका लागि समन्वय गर्न हरेक मन्त्रालय र निकायले सम्पर्क व्यक्ति तोक्नसमेत निर्देशन दिइएको छ ।

## लैंगिक निर्देशिका प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालको आयोजना तथा युनेस्कोको सहयोगमा लैंगिक संवेदनशील समाचार संकलनसम्बन्धी दुई दिने तालिम सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन सत्रमा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलले महिला उत्तरदायी निर्देशिका बनाइसकेको जानकारी दिँदै त्यसमा थप गर्नुपर्ने लगायतका विषयमा राय लिन तालिम आयोजना गरिएको बताए । काउन्सिल लैंगिक सवालमा गम्भीर भएर अनुगमन गर्दै आएको उनले स्पष्ट पारे । कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले सर्वप्रथम लैंगिक संवेदनशीलता बोध भएपछि मात्र त्यसलाई व्यवहारमा उतार्न सकिने बताए । उनले सबै पक्ष मिलेर मात्र लैंगिक हिंसाविरुद्धको अभियान सफल पार्न सकिने धारणा राखे ।

काउन्सिलका सदस्य ठाकुर प्रसाद बेलवासेले सहजीकरण गरेको उद्घाटन सत्रमा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं फ्रिडम फोरमका कार्यकारी अध्यक्ष तारानाथ दाहाल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगिता खड्का, नेपाल पत्रकार महासंघका बरिष्ठ उपाध्यक्ष रमेश विष्ट, काउन्सिलका सदस्य दुर्गा भण्डारी पौडेलले तालिमले लैङिगिक संवेदनशील समाचार संकलनमा स्पष्ट मार्गदर्शन दिन सक्ने विश्वास व्यक्त गर्दै विद्यमान लैंगिक निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्ने बताएका थिए ।

कार्यक्रमका सञ्चारिक समूहका निर्वतमान अध्यक्ष नितु पण्डित, काउन्सिलका सदस्य दुर्गा भण्डारी पौडेल, कान्तिपुर दैनिकका सम्पादक उमेश चौहान, विज्ञ डा.समीक्षा कोइराला र प्रेस काउन्सिलका उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता (सूचना अधिकारी) रामशरण वोहराले ५ वटा कार्यपत्र प्रस्तुत गरेका थिए ।

प्यानालिस्टको भूमिकामा महासंघका अध्यक्ष पोखेल, न्यूनतम पारिश्रमिक निधारित समितिका अध्यक्ष खड्का, नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष विष्ट, काउन्सिल सदस्य बेलवासे, कान्तिपुर टि.भीका पत्रकार मणि लोहनी र पत्रकार प्रगती ढकालले निभाएका थिए । तालिममा काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले सहजीकरण गरेका थिए भने पूरा कार्यक्रमको 'र्‍यापोटिङ्ग' काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले गरेका थिए । तालिममा लैंगिक विषयमा कलम चलाउने ३० भन्दा बढी पत्रकारहरुको सहभागिता रहेको थियो ।

## कास्की नेशनल प्याब्सनको खेलकुद सप्ताह

**कास्की/मस–** नेशनल प्याब्सन कास्कीको १३ औं खेलकुद सप्ताह सम्पन्न भएको छ ।

'नेशनल प्याब्सनको मान्यता, शिक्षामा खेलकुदको अपरिहार्यता' नाराका साथ मंसिर २०, देखि २३ सम्म चलेको सप्ताहमा जिल्ला अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष पाण्डव हमालको प्रमुख आतिथ्यतामा रहेको थियो ।


कार्यक्रममा पूर्व अध्यक्ष कर्ण बहादुर शाही, सल्लाहकार ज्ञानेन्द्र मोहन भट्टराई, उपाध्यक्ष यम बहादुर खड्का, महासचिव पारसमणि दाहाल, कोषाध्यक्ष प्रताप बहादुर थापा, गण्डकी प्रदेश अध्यक्ष राम बहादुर मोची, केन्द्रीय सदस्य राम बहादुर थापा लगायत जिल्ला, प्रदेशका पदाधिकारीहरु एवं अन्य विविध व्यक्ति विशेषको उपस्तिथि रहेको थियो ।

पोखरा रंगशालामा सम्पन्न कार्यक्रममा खेलकुदका विभिन्न विधामा सहभागी भइ विजयी विद्यार्थीहरुलाई केन्द्रीय अध्यक्ष एवं प्रमुख अतिथि हमालले पुरस्कार वितरणसमेत वितरण गरेका थिए ।

कार्यक्रममा बोल्दै हमालले खेलकुद जीवनमा अति आवश्यक कुरा भएकाले निरन्तर खेल खेल्ने व्यक्ति जीवनभर स्वस्थ रहनुका साथै फूर्तिलो हुने बताए । खेलकुदले अन्य क्षेत्रमासमेत सफलता प्राप्त गर्न मद्दत पुग्ने उनको भनाइ थियो । कास्कीमा हरेक वर्ष आयोजना हुने कार्यक्रम जिल्लाका लागि एक महान पर्वको रुपमा स्थापित भएको उनले बताए । २४ हजारको सहभागितामा सम्पन्न भएको कार्यक्रमको नतिजा तत्काल नदेखिए पछि आगामी दिनमा यसको निकै राम्रो प्रभाव पर्ने उनको विश्वास थियो ।

नेशनल प्याब्सन कास्कीका अध्यक्ष अधिकारीले कार्यक्रम सफल पार्नका लागि विभिन्न क्षेत्रबाट सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गरे । आगामी दिनमा पनि यस्तै साथ र सहयोगको अपेक्षा राखेको जानकारी दिँदै उनले निरन्तर रुपमा कार्यक्रमको आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## नाम्खामा अत्याधिक चिसो चौरमा घाम तापेर पढ्न बाध्य विद्यार्थी



हुम्लाको नाम्खा गाउँपालिकाका बालबालिका अत्याधिक चिसो बढेपछि खुला चौरमा घाम तापेर अध्ययन गर्न बाध्य भएका छन् । हिउँद महिना शुरु भएसँगै बालबालिकाहरू चिसोले कक्षा कोठाभित्र बस्न नसक्ने भएपछि बाहिर चौरमा घाम ताप्दै पढ्न बाध्य भएका हुन् । नाम्खा गाउँपालिका-५ स्थित मुचु खासरपानि आधारभुत विद्यालय कक्षा ८ मा अध्ययनरत छात्रा छिङडुन तामाङ चिसो अत्याधिक बढेपछि खुला चौरमा घाम ताप्दै पढ्न बाध्य भएको बताउँछन् ।

कक्षा कोठाभित्र चिसोले पढ्न नसकिने र बाहिर बस्दा हावाहुरीले सकस बनाएको छात्रा तामाङको गुनासो रहेको छ । चिसो बढेका कारण रुघा खोकी लागेर बिरामी पर्ने डर रहेको कक्षा ८ मा अध्ययनरत छात्रा शर्मिला रोकायाको भनाइ छ । दिउँसो १ बजेदेखि हावाहुरीले चिसो हुने र पढाइमा ध्यान भन्दा चिसोबाट कसरी बच्ने तर्फ ध्यान जाने गरेको छात्रा रोकायाले बताइन् । कक्षाकोठा भित्र बालबालिका राखेर पठनपाठन गर्न निकै सकस हुने भएपछि सम्पूर्ण विद्यार्थीलाई बाहिर राखेर पढाउनुपर्ने बाध्यता भएको खासरपानी आधारभुत विद्यालय मुचुका प्रद्यानाध्यापक हर्कबहादुर बोहराले बताए । उनले भने, 'चिसोका कारण बालबालिकालाई पढाउन निकै सकस छ । बाहिर हावाहुरीले धुलाम्मे हुन्छ, विद्यार्थीलाई पढाइमा ध्यान केन्द्रित गर्न नै गाह्रो छ ।'

४६ जना बालबालिका अध्ययनरत रहेको विद्यालयमा चिसोले विद्यालय आउन छोडनेको संख्या पनि बढ्दै गएको प्रद्यानाध्यापक बोहराले बताए । अत्याधिक चिसो बढेका कारण मुचुमा माइनस ११ डिग्रि सेल्सीयस तापक्रम छ । जसले बालबालिकामा विभिन्न रोगको संक्रमण बढ्ने गरेको छ । दैनिक दुईदेखि चार जना विद्यार्थी ज्वरो आउने, टाउको दुख्ने, रुघाखोकी लाग्ने जस्ता बिरामी पर्दै गएको विद्यालयले जनाएको छ ।

## हुम्ला डायरी

ओबराज शाही/मध्यान्ह

### चीलसँग ठोकिएको तारा एयरको जहाजको मर्मत

यहि मंसिर २१ गते बुधबार दिउँसो हुम्ला आउने क्रममा चीलसँग ठोक्किएको तारा नाईन एकेयल कलसाई एयरको जहाजको मर्मत गरिएको छ ।

हुम्लाको सिमकोट विमानस्थलमा दुर्घटनामा परेको उक्त जहाजको तीन दिनमा मर्मत पूरा गरी शनिबार हुम्ला सिमकोट विमानस्थलबाट नेपालगञ्ज उडेको छ । बुधबार नेपालगञ्जदेखि हुम्लाको सिमकोट विमानस्थल कार्गो बोकेर आउने क्रममा हुम्लाको अदानचुली गाउँपालिका पर्ने मुनेलेखमा उक्त जहाज गिद्धसँग ठोक्किएको थियो ।

हुम्ला सिमकोट तारा एयरलाईन्सका सह-इन्चार्ज नुर्बु लामाका अनुसार बिहीबार काठमाडौं हुँदै नेपालगञ्जदेखि पाँच जना इन्जिनियरको टोली हुम्ला आए लगतै जहाजको नोच भित्रको गिद्ध निकालेर मर्मत भएको छ । हुम्लामा सबै कुरा विकसित नहुनाले मर्मत गर्न ढिलाई भएको उनको भनाइ छ । मर्मर कार्य पूरा भएपछि तीन दिनपछि उक्त जहाजले उडान भरेको छ । जहाजको नोचमा मौसमी राडर जडान गरेको हुन्छ । उक्त जहाज शनिबार दिउँसो १२.४५ बजे नेपालगञ्ज विमानस्थल उडेको विमानस्थल स्रोतले बताएको छ ।

## उधारोमै काठेपुल निर्माण गरी लिमीवासीले गुडाए गाडी



लिमीको तील गाउँका स्थानीयले योजनाको सम्झौता नै नगरी उधारोमा लिमी कर्णालीमाथि काठेपुल निर्माण गरेर गाडी गुडाएका छन् । अहिले हिउँ पनि नपरेको र हिउँ परेपछि काम गर्न नसकिने निष्कर्ष निकाल्दै स्थानीयहरुको साझा निर्णयमा सो पुल निर्माण गरिएको हो । नाम्खा गाउँपालिका-६ को हिमालपारीको गाउँ लिमीको तील बस्तीका स्थानीय प्रेम तामाङ लामाले सम्झौता बिनै उधारोमा तील गाउँ जोड्ने तिम्ज्यङु मोटर बाटोमा पर्ने लिमी कर्णालीमा काठेपुल निर्माण गरिएको जानकारी दिए । यसअघि नदीको छेउसम्म सडक निर्माण कार्य भएको थियो । तर पुल नबनेका कारण तील गाउँ सडक निर्माण गरिएको भएपनि सडक सञ्जालसँग जोडिन सकेको थिएन । स्थानीय लामाले बीस मिटर लम्बाई र पाँच मिटर चौढा काठेपुल उधारोमा निर्माण गरेर तील गाउँसम्म गाडी पुर्‍याउन सफल भएको बताए ।

यसका लागि तील गाउँका स्थानीयले सल्लीबाट काठ लगेर पुल निर्माण गरेका हुन् । बजेटको सुनिश्चित भएपछि उधारोमै भएपनि काम गर्ने आँट स्थानीयले गरेको लामाको भनाइ थियो । पुलको योजना स्थानीय उपभोक्ता समुहबाट गरिएको हो । उनले सबै काम विश्वासका भरमा गरिएको पनि बताए । यस्तै लिमीका अन्य दुई हल्जी र जाङ गाउँमा गाडी गुडेको देखेर पनि स्थानीयहरु उधारोमा भएपनि पुल निर्माण गर्ने निष्कर्षमा पुगेको उनले बताए ।

लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले डिभिजन बन कार्यालयको वार्षिक कार्यक्रममा योजना स्वीकृत भएको कारण सम्झौता नभए पनि स्थानीयले काम सम्पन्न गरेको बताए । उनले पछि हिमपात हुँदा चिसोले काम गर्न नसकिने हुँदा सबैको सहमतिमा सो योजनाको निर्माण कार्य सम्पन्न गरिएको जानकारी दिए । उनले तील गाउँसम्म गाडी पुर्‍याउनकै लागि पछि आउन सक्ने जोखिमलाई समेत वास्ता नगरी पुलको निर्माण कार्य सम्पन्न गरिएको बताए ।

उनले कार्यालयसँग समन्वय गर्ने काम र स्थानीयलाई निर्माण कार्य अगाडि बढाउन वडाले भूमिका निर्वाह गरेको बताए । यसका लागि उपभोक्ताहरुले कार्यालयसँग समन्वय भने गरेका छन् । उनले अब उपभोक्ता समिति चैत-वैशाखपछि मात्र जिल्लामा आएर सम्झौता गर्ने र त्यसपछि मात्र भुक्तानी लिन पाउने बताए । उनले यो अवधिसम्म काठ ढुवानी र कामदारको ज्याला भने उधारोमै रहने बताए । पुल निर्माण गर्न एक सय जना कामदारले १२ दिन लगाएर काम गरेका छन् । त्यसमा दक्ष कामदार ३५ जना महिला पनि छन् । पुल निर्माणका लागि प्रयोग गरिएको मेशिनको ज्याला र ग्याबीनको भाडासमेत उधारोमै रहेको छ ।

आउजाउ सहज नभएका कारण लिमीमा वर्षेनी विकासे योजना सहमतिमा उधारोमा काम गर्ने चलन नयाँ भने होइन । एउटा योजनाको सम्झौताका लागि आउजाउ र कार्यालयसँग काम गर्नु पर्दा दश दिनसम्म लाग्ने गर्छ । यसले गर्दा समय पनि बढी लाग्ने तथा आर्थिक ब्यायभार पनि बढी नै हुने गरेको छ । कार्यालयले सो काठेपुल निर्माणका लागि ६० लाख बजेट विनियोजन भएको जनाएको छ । अन्यत्र कतै पनि बजेट खातामा नआउँदासम्म यस्ता विकासे योजनाको काम अगाडि बढ्न नसकेको भएपनि लिमीका स्थानीय भने केही फरक देखिँदै उधारोमै पुल निर्माण गर्न सफल भएका छन् ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ मंसिर २०७९, आइतबार
11 December 2022, Sunday

## सम्पादकीय

# इमान्दारिताको अपेक्षा

दलहरूले समानुपातिकतर्फको नाम बुझाएसँगै प्रतिनिधिसभाले पूर्णता पाएको छ । प्रत्यक्षतर्फको अन्तिम नतिजा यसअघि नै आइसकेको छ । समानुपातिकतर्फ भने दलगत मतका आधारमा सिट निर्धारण हुने भएकाले ढिलाइ हुन गएको हो । समानुपातिक तर्फ तीन प्रतिशत थ्रेसहोल्ड कटाउने दलले समानुपातिक सिट पाउने संवैधानिक व्यवस्था छ । त्यसअनुसार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनमत पार्टीले थ्रेसहोल्ड कटाएर समानुपातिक सिट पाएका छन् । यो चुनावबाट नेकपा एकीकृत समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले थ्रेसहोल्ड कटाउन नसकेकाले राष्ट्रिय दलको हैसियत पाउन सकेनन् । तर रास्वपा, राप्रपा र जनमत पार्टीले दलीय हैसियतको मान्यता पाएका छन् ।

१६५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसदहरूको चयन जनताबाट प्रत्यक्ष मतदानबाट भयो । मतदाताको विवेकको मतका आधारमा सवैभन्दा बढी मत पाउनेले चुनाव जितेका छन् । यसको अर्थ प्रत्यक्ष जितेका सांसदहरूको पहिले नै मूल्यांकन भइसकेको छ । तर ११० सिटमा चयन हुने समानुपातिकतर्फका उम्मेद्वारलाई दलले अनुमोदन गरेका हुन् । दलहरूले निर्वाचन आयोगमा बुझाएको बन्दसूचीको आधारमा समानुपातिक सांसद चयन भएका छन् । तसर्थ दलहरूले जनताबाट पाएको विश्वासको जनमत समानुपातिक सांसदमा प्रकट पाएको छ । अब समानुपातिक सांसदहरूले त्यो विश्वास पुष्टि गर्नुपर्नेछ । आयोगमा प्राप्त नामावली प्रमाणित भएसँगै समानुपातिक सांसदहरूले जनमतमा पुष्टि गर्ने काम शुरू गर्नुपर्नेछ । पहिलो काम त प्रत्यक्ष सांसदहरूजस्तै समानुपातिक तर्फबाट चुनिएका सरकार बनाउनु नै हो ।

तर सरकार बनिसकेपछि सांसदहरूको काम सकिदैन । संविधानको व्यवस्था अनुसार सांसद संख्याको बहुमत जुटाएर बन्ने सरकार सदैव व्यवस्थापिकाप्रति जवाफदेही बन्नुपर्छ । तर सरकार जनता र संसदप्रति जवाफदेही र उत्तरदायी नहुन सक्छन् । जुनसुकै बेला मर्यादा र सीमा नाघ्न सक्छन् । कार्यकारी सरकारको व्यवस्था भएकाले त्यस्तो हुन स्वभाविक पनि हुन्छ । तर जनताको विश्वास सांसदहरूले जोगाउन आवश्यक छ । संसदको सफलता सांसदहरूको रचनात्मक भूमिकामै निर्भर हुन्छ । संसदको सफलता भनेको जनताको सफलता पनि हो । किनकि जनताप्रति सरकारलाई उत्तरदायी बनाउदा नै संसद सफल हुने हो । तर त्यसका लागि आवश्यक परेको बेला दलप्रति नै सांसदहरूले प्रश्न उठाउन सक्ने हैसियत बनाउन सक्नुपर्छ । सुखद् र सफल कार्यकालका लागि नवनिर्वाचित सांसदहरूलाई शुभकामना !

# चुनावी परिणाम र सम्भावित परिदृश्य

*यो अवस्थामा जसको नेतृत्वमा सरकार बने पनि आजको स्थिति सम्हालिने सम्भावना निकै कम छ । यदि पार्टीहरूले थोरै चेतेका छन् भने आफ्ना कामकाजलाई थोरै सुधार गर्नेछन् भन्ने आशा गर्दा हुने भयो, तर यसको लागि पनि सशक्त संगठित खबरदारी आन्दोलनकै स्तरमा चलाउनुपर्ने हुन्छ ।*

अग्रलेख



● लेखराज रेग्मी

निर्वाचन परिणामलाई हेर्दा, मतदानमा सहभागिताको विषयलाई ध्यानपूर्वक हेर्नुपर्ने हुन्छ । यसपटकको निर्वाचनमा मतदाता सहभागितालाई संख्याका आधारमा हेर्ने हो भने जनतामा मतदानप्रतिको विश्वास घटेको छ । मृत्यु दर्ता किताबमा नाम चढेका व्यक्तिहरुका नाममा मतदान भएको हल्ला मतदान स्थलको मुचुल्का र गणनास्थलको मुचुल्कामा संख्यात्मक भिन्नता, बदर मतको संख्या र अन्य कतिपय व्यवस्थापन पक्षका कमी कमजोरी यस्ता कारण हुन् जसले मतदाता मनोविज्ञानमा प्रभाव पार्छन् र उत्साहजनक मतदान हुँदैन । यसपटक उपस्थितहरुमा पनि त्यति उत्साह देखिँदैन थियो । यसरी मतदानमा उत्साह कम हुनुका कारणबारेमा खासै चासो राखेको देखिँदैन । स्वयम् राजनैतिक दलहरुमा हुने चुनावी समिक्षा बैठकहरुमा समेत यो विषय ओझेल प्राय: देखिएको छ । जनतामा निर्वाचित प्रतिनिधि र प्रतिनिधि सरकारबारेमा पनि चासो नहुने स्थिति बढ्दै गएको छ । यो अत्यन्त घातक राजनैतिक परिस्थिति हो र यसमा राजनैतिक दल, नेता र कार्यकर्ताको ध्यान जानु आवश्यक छ ।



यसका साथै खसेको मतप्रतिशतका आधारमा 'नो भोटको पक्षमा' जनमत बढेको 'क्रान्तिकारी' निष्कर्षका स्वघोषणाहरु पनि रोचक नै छन् । मृत मतदाताको नाम नहटाउनु वैदेशिक रोजगारीका कारण ठूलो संख्या अनुपस्थित हुनु, आवागमन रोकिँदा असक्त जनहरुको जो मतदानकेन्द्र भन्दा धेरै टाढाबाट आउनुपर्ने हुन्छ उनीहरु उपस्थित हुन नसक्ने कारण पनि महत्वपूर्ण छ । मतदातामा देखिने नैराश्यपूर्ण उदासिनता जस्ता कारणले देखिने संख्यात्मक अनुपस्थितिलाई क्रान्तिकारी उपलब्धिमा गरिने गणना वास्तवमै दुःखदायी हो । यस्तै मनोगतवाद निर्वाचन परिणामको अतिरञ्जनामा पनि अभिव्यक्त भएको पाइन्छ । अर्थात् राजनीति धरातलभन्दा बाहिर केवल गणितीय खेल बनिरहेको छ ।

यसपटक लक्ष्य दिशा र कार्यक्रम बिहीन उम्मेदवारहरु र पार्टीहरु पनि निर्वाचन प्रक्रियामा देखिएका छन् र केही बागी उम्मेदवारी संगठनात्मक अराजकताको रूपमा त केही सेटिङमा पनि देखिएका छन् । मतपरिणाम उनीहरुका पक्षमा पनि गएको छ । राप्रपाको मत सुधार, जनमत उन्मुक्ति र स्वतन्त्र नामका पार्टीहरुको उदय तथा एकिकृत समाजवादी र माओवादीको समानुपातिक मतमा आएको गिरावटले पनि केही त संकेत गरिरहेकै छन् । सत्तासिन गठबन्धनले एमालेलाई खासगरी प्रधानमन्त्रीको रूपमा लगातार दुई पटकको संसद विघटनलाई प्रतिगामी बताउने गरेका छन् । किन उनीहरुको अपेक्षा प्रतिगामी एमाले र पुनर्स्थापनावादी राप्रपाको मत सुधार भयो ? भन्ने प्रश्नले सायद गठबन्धन सरकारमा सहभागी पार्टीहरुमा प्रवेश पाउने छैन । चुनावी समिक्षाले यी प्रश्नहरुलाई उत्तरित गर्न सक्नुपर्छ भन्ने लागेको छ तर, सम्भावना देखापरिरहेका छैनन् । साथै, एमाले पनि एउटा भ्रममा बाँचिरहेको महसुस भैरहेको छ । साइज खुम्चिएको छ । लोकप्रिय जनमत घटेको छ, महत्वपूर्ण उम्मेदवारहरुको पराजय भोगिरहेको छ तर, नकारात्मक मतको संख्यामा रमाइरहेको र दम्भ चुलिँदै गरेको छ ।

> *सत्तासिन गठबन्धनले एमालेलाई खासगरी लगातार दुई पटकको संसद विघटनलाई प्रतिगामी बताउने गरेका छन् । तर, किन उनीहरूको अपेक्षा विपरित प्रतिगामी एमाले र पुनर्स्थापनावादी राप्रपाको मत सुधार भयो ? भन्ने प्रश्नले सायद गठबन्धन सरकारमा सहभागी पार्टीहरूमा प्रवेश पाएको छैन । चुनावी समिक्षाले यी प्रश्नहरूलाई उत्तरित गर्न सक्नुपर्छ भन्ने लागेको छ तर, सम्भावना देखापरिरहेका छैनन् ।*

यो समग्र सुचकांक गम्भीर राजनैतिक स्थितिको संकेत हो ।

दुनियाँ यतिबेला ठूलो संकटको संघारमा छ । रुस युक्रेन युद्धले युक्रेनी जनता मात्र होइन युरोप संकटको महाभूमरीमा छ । युद्ध सामाग्रीहरुको उत्पादन उद्योग र भ्रष्टाचार बाहेक दुनियाँमा कसैको स्थिति सकारात्मक छैन । युद्ध अगाडि बढ्यो भने हिन्द प्रशान्त क्षेत्र नयाँ संकटको केन्द्र बन्ने पक्का छ र यसका आर्थिक प्रभावहरु अहिले नै देखा परिरहेका छन् । युक्रेनी जनताको सर्वनाश गलत छ । अमेरिकी विश्व शक्तिको महत्वाकांक्षा र आर्थिक संकट हल गर्ने उपायको रूपमा युक्रेनलाई मोहडा बनाएर गरिएको युद्धको तयारी र रुसको बाध्यात्मक चुनौति जे भएपनि युद्ध विश्व मानव जातीकै लागि प्रत्युत्पादक छ । यसको अर्थ-राजनीतिक प्रभाव नेपालमा परिरहेको छ । योभन्दा पनि दैनिक जनजीवन र मुद्रास्फिति अनुत्पादकता र आपुर्ति समस्या हाम्रा चुनौति नै बनिरहेका र बढिरहेका छन् ।

यो समग्र स्थितिको बिचमा गडबड निर्वाचन परिणामका बिचमा अस्वाभाविक गठबन्धनबाट सरकार स्थापना स्वभाविक बनेको छ । यसबिचमा हालको सरकारका गठबन्धनसँग मतसंख्या पुग्दैन र गठबन्धन विकृतिहरुको गठबन्धन बन्ने पक्का छ । त्यस्तैगरी हालको सरकारको गठबन्धनमा विभाजन नभई अर्को सरकार बन्ने बिकल्प पनि छैन, अर्थात् विकृतिहरुको स्थानान्तरण र विकास । यो देश र जनताको लागि घातक नै हुनेछ भन्न सकिन्छ । यस्तो स्थितिमा बलियो आत्मगत स्थितिसहितको भरोसा योग्य क्रान्तिकारी शक्ति पुख्ता तयारीको स्थिति रहने थियो भने सायद केही सकारात्मक परिवर्तन सम्भव हुने थियो । तर, आज यो स्थिति पनि विद्यमान छैन । यस्तो बेलामा सायद लेनिन को "बचकाना मर्ज" र "के गर्ने ?" पढ्नुपर्ने हुन्छ होला ।

क्रान्तिकारी तप्का सम्भालिन सकेनौ भने सायद राजनैतिक कोर्ष पुनरुत्थानवादी, फासीवादी दिशामा जाने तथा विश्व साम्राज्यवादको प्रत्यक्ष क्रिडास्थल बन्ने सम्भावना निकै बढेर गएको छ । हामीले एमसीसी प्रकरणमा कस्को नेतृत्वमा राष्ट्रिय आत्मसमर्पणवाद संस्थागत हुने भन्ने प्रतिष्पर्धा देखिसकेका छौं । यो स्थितिमा जे र जसको नेतृत्वमा सरकार बने पनि आजको स्थिति सम्हालिने सम्भावना निकै कम छ । यदि पार्टीहरुले थोरै चेतेका छन् भने आफ्ना कामकाजलाई थोरै सुधार गर्नेछन् भन्ने आशा गर्दा हुने भयो, तर यसको लागि पनि ससक्त संगठित खबरदारी आन्दोलनकै स्तरमा चलाउनुपर्ने हुन्छ । जनतासँग सडक र सडक बाहेक राजनैतिक अभ्यासको थलो छैन भन्ने बुझ्न आवश्यक छ र आफुलाई जनताको पक्षपाती भन्नेहरुको लागि यही नै अपेक्षाकृत सुन्दर विकल्प बाँकी छ ।

यतिबेला आफुलाई क्रान्तिकारी भन्ने चुनाव बहिष्कार गर्ने नीति लिएका दलहरुको अवस्थालाई हेर्दा तत्काल कुनै सकारात्मक सन्देश नरहेको स्थिति महसुस भैरहेको छ । सकारात्मक सोचसहित संसदभित्र र बाहिर देश र जनताको पक्षमा केही पहलको थालनी गरौं, सकारात्मक प्रवृत्तिहरु आ-आफ्ना पार्टीहरुमा मुखरित बन्न थालौं । आज योभन्दा बढी अपेक्षा गर्नु मुर्खता हुन्छ भने भोलीको लागि आजैबाट केही गर्न नथाल्नु त मृत्युलोक नै हुन्छ भन्ने लागिरहेको छ । आजको निर्वाचन परिणाम पछिको यो स्थितिमा धेरै अपेक्षा गर्नु (जुनसुकै कोणबाट होस्) बेबकुफ बन्नु मात्रै हो ।

## सामाजिक सञ्जाल



- ओमकुमार थापा

शहर व्यवस्थित र सफा हुनुपर्छ, यसमा विमतिको प्रश्नै आउँदैन तर, सडकमा सम्भ्रान्तहरूको सवारी साधन पार्किङ्ग गर्न हुने तर, मकै पोलेर, तरकारी र फलफूल बेचेर परिवारको गुजारा चलाउनेहरूलाई लखेट्ने काम चाहीँ पटक्कै भएन । व्यवस्थित तरिकाले निश्चित समय सीमा दिएर गुजारा गर्ने अवसर किन नदिने ?



- बिमल पोखरेल

कुरा क्लियर छ, सडक व्यापार गर्नको लागि होइन । काठमाडौंमा बाँच्न सकिन्न भने गाउँमा गएर बाँझो जमिन जोत्ने हो । बेकारका आँसु बगाउने पनि होइन र तिनै आँसुलाई मिडियाले व्यापार गर्ने पनि होइन । कसैको बकबासमा लाग्नु जरूरी छैन । बालेनले बेठीक गरेकै छैनन् । तिनको काम सही छ ।



- पुरूषोत्तम ढुंगेल

बालेनजीले धनाढ्यहरूको ल्यान्डक्रुजर, प्राडो, पजेरो, टोयोटाहरू राख्न पार्किङ्को व्यवस्था गरिदिनु भएको छ तर, गरिबहरूलाई मकै बेच्न, साग सब्जीहरू बेच्न, बिहान बेलुकाको छाक टार्न निमुखा गरिबहरूको काम गरेर खान पाउने अधिकार खोसेर उनिहरूको बालबच्चाहरूको बिजोग बनाउनु भएको छ ।



- राधाकृष्ण कटवाल

महँगी सहेर, घण्टौं लाइन बसेर, दिनभरी माया मारेर जनताले हालेको भोट १३ लाख बदर भई खेर गएछ । निर्वाचन आयोगले मतदान शिक्षा दिने भन्दै करोडौं रकम खर्चेर पनि परिणाम यस्तो छ । नहोस् पनि कसरी, मतदान शिक्षाको सूचना राजधानीका डिजिटल बोर्डहरूमा देखाएको थियो । आयोगका गतिविधिमाथि प्रश्न उठाऔं ।



- नारायण अमृत

शहर व्यवस्थित गर्ने कुरामा को पो नाराज होला र ? बटुवालाई सडकपेटी सहज बनाउने कुरामा को पो असहमत होला र ? तर, शहरी गरिबको चरम अपमान र बलजफ्ती गरेर निस्कने समाधान समाधान हो र ? यसमा उचित प्रक्रिया अबलम्बन गर्दा मेयरको हाइहाइ नै होला त हौ । रूवाएर होइन खुशी आर्जन गरेर समाधान खोजौं ।

# कर्मचारीतन्त्रमा पुनर्संरचनाको खाँचो

विचार



● बिदुर दाहाल

> *कर्मचारीतन्त्रलाई २१औं शताब्दी सापेक्ष बनाउनु पर्छ । अति सेवा संरक्षण भएको कर्मचारीतन्त्रको सट्टा नवीन शैलीको प्रशासन निर्माण जरूरी छ । अनलाईन वा कम्प्युटर प्रविधिमा पोख्त, कार्य समय लचकताअनुसार काम गर्ने, सुशासनका मुलमन्त्रलाई अनुशरण गर्ने, राज्यको करबाट तलब भत्ता खाएकोले बिना आग्रह पूर्वाग्रह काम गर्ने कर्मचारी चाहिएको छ ।*

दुनियामा फरक-फरक मोडलका कर्मचारी प्रशासन छन् । पुरानो ज्यादै पुरानो भयो अब विकल्प खोज्नु पर्छ । पुरानोको काम गर्ने तरिका पनि पुरानो भयो । पुरातन शैलीमा काम गर्ने कर्मचारीतन्त्रलाई २१ औं शताब्दी सापेक्ष बनाउनु पर्छ । अति सेवा संरक्षण भएको कर्मचारीतन्त्रको सट्टा नवीन शैलीको प्रशासन निर्माण जरूरी छ । अनलाईन वा कम्प्युटर प्रविधिमा पोख्त, कार्य समय लचकताअनुसार काम गर्ने, सुशासनका मुलमन्त्रलाई अनुशरण गर्ने, राज्यको करबाट तलब भत्ता खाएकोले बिना आग्रह पूर्वाग्रह काम गर्ने कर्मचारी चाहिएको छ । अलि सेवा संरक्षण भएकोले उ सेवक होइन शासक जस्तो छ । जनतालाई हुकुमी शैलीमा सिकाउँछ ।

आम मानिसको बुझाईमा समाज राजनीतिले परिवर्तन गर्न सकेन भन्ने छ । त्यसमा सत्यता होला पनि तर, जनताको घर दैलोमा सेवा दिने कर्मचारीतन्त्रले हो; राजनीतिज्ञले होइन । नेपालको राजनीतिमा समस्या छ, त्योभन्दा बढी समस्या कर्मचारीतन्त्रमा छ । यो भद्दा मात्र होइन, यो राणाकालिन छ । लम्बेतानको प्रक्रिया र पुरानो शैलीलाई बढी मन पराउँछ । यो नै सबैभन्दा समस्या हो । भनिन्छ, कर्मचारीतन्त्रले राज्यको चरित्र प्रतिबिम्बित गर्छ । राज्यको ऐना कर्मचारी हो । नेपालको कर्मचारीतन्त्रले कहिले पनि आफुलाई सेवक ठानेन । शासक ठान्यो । मानौ जनता उसका दास हुन् । त्यसो हुँदा राजनीतिसँगै कर्मचारीतन्त्रको पुनर्संरचना जरुरी छ ।

पुनर्संरचना कसरी गर्ने अनेक मोडल छन् । यो नै उपयुक्त भन्ने हुँदैन । तर, अति संरक्षण पाएको लोसे, जुम्से, भ्रष्ट, कामचोर तथा प्रक्रियामुखी कर्मचारीतन्त्रलाई जमानाअनुसारको स्मार्ट, प्रबिधि मैत्री, समतलीय संरचनाको कर्मचारीतन्त्र निर्माण गर्नुपर्छ । यसो भएमा जनताले सेवा छिटो छरितो पाउँछन् । हुन त यो दृष्टिकोणलाई पुँजीवादी दृष्टिकोण भनी आलोचना गर्न सक्नु हुनेछ । राज्यको संरक्षण खोज्ने समाजवादी धारणाअनुसार बिमति राख्न सक्नु हुनेछ । तर, कथाको परिवेशले यस्तै कर्मचारीतन्त्र खोजेको छ । किन चाहियो स्थायी कर्मचारी ? श्रम शोषण गर्नु हुन्न, सेवा करारमा लिनुपर्छ । पुऱ्याएको सेवाअनुसारको सुविधा दिनुपर्छ । हरेक वर्ष सेवा नवीकरणको प्रावधान राख्नुपर्छ । बल्ल यो जनमुखी हुन्छ ।

सेना, प्रहरी र केही दर्जन उच्च तहका नीति निर्माता बाहेक अरु सबै तहका कर्मचारीहरु सेवा करारमा लिन सकिन्छ । सेवा छिटो छरितो दिन नसक्ने लोसेहरुको सेवा अर्को वर्ष थपिने छैन । यसले सेवा प्रवाह चुस्त बनाउने छ । कामचोर प्रवृत्ति अन्त गर्ने छ । भ्रष्टाचार शून्यमा झार्ने छ । बेइमानी कमी हुने छ । बेइमान गऱ्यो कि जागिर चैट । चाहिएको यो खालको कर्मचारी प्रशासन हो ।

प्रबिधिमा आधारित भइ काम गर्नुपर्ने हुँदा निगरानी प्रणालीबाट बेइमानीहरु स्वतः कम हुने छन् । आर्थिक कारोबारहरु बैकिङ च्यानलबाट हुने हुँदा स्थायी कर्मचारी नै चाहिन्छ भन्ने पुरानो सोच अन्त हुनेछ । बेइमानीहरुलाई विभिन्न निगरानी प्रणालीबाट सन्तुलनमा राख्न सकिन्छ । जस्तो : हरेक कार्यकक्षमा सिसि क्यामेरा जडिट हुन्छ । इ-हाजिरमा उपस्थिति जनाउनु पर्ने बनाउनु पर्छ । जुनसुकै तह र जुनसुकै सेवा समूहमा यसलाई अबलम्बन गर्न सकिन्छ । चाहे बैकिङ्ग होस्, चाहे शैक्षिक होस् वा अरु प्रशासनिक । यसले ठगेर खाने प्रणाली बन्द गराउँछ । ट्रेड युनियनको दादागिरी कम हुन्छ । समयले यस्तो जनमैत्री प्रशासन खोजेको छ । राज्यले अति संरक्षणको कर्मचारीतन्त्र बदल्नै पर्छ । कर्मचारीतन्त्र सँगसँगै राज्य पनि बदलिनु पर्छ ।

त्यसैले अब पुरातन कर्मचारीतन्त्रलाई बिदा गरी सबै तह र तप्कामा प्रविधिमा आधारित नविन सोचको कर्मचारी करार सेवाको मध्यमबाट काम लगाउन सकिन्छ । यसको उत्पादकत्व पनि बढी हुन्छ । चाहिएको उत्पादकत्व बढी हो, प्रभाकारी सेवा नै हो । धेरै देशमा यस खालको प्रशासन शुरु भएको छ । नेपालले पनि यो खालको कर्मचारीतन्त्र अबलम्बन गर्नुपर्छ । यो शैलीको कर्मचारीतन्त्र निर्माण गर्दा श्रम शोषण नहुने ग्यारेन्टी राज्यले गर्नुपर्छ । यो जटिल प्रश्न हो । राज्यले न्यूनतम सेवा सुबिधा कर्मचारीलाई दिनुपर्छ । सकेसम्म छिटो राज्यले पुरानो शैलीको कर्मचारी भर्ना प्रक्रिया बन्द गरेर करार सेवाको प्रक्रियाबाट कर्मचारी भर्ती गर्नुपर्छ । प्रभावकारी सेवा पहिलो कुरा हो । यसमा कुनै सम्झौता गरिनु हुन्न । राज्यले आग्रह, पुर्वाग्रह बिना यो प्रक्रिया शुरु गर्नुपर्छ । समयले खोजेको यही हो ।

निजी प्रशासन तथा विद्यालय/क्याम्पसमा अध्यापन गराउने शिक्षक/कर्मचारीको उत्पादकत्व किन सरकारीकाको भन्दा बढी भयो ? शैक्षिक योग्यता बढी भएर पनि त होइन । तालिम प्राप्त भएर पनि होइन । कारण खोजौं । तुलना गरौं । यो नै उदाहरण पर्याप्त छ ।

## तपाईको राशिफल

- **मेष** : कार्यमा हानी हुनसक्छ, पुरानो कार्यहरूको रूकावट समाप्त हुनेछ ।
- **वृष** : धेरै भरोसा गर्नु हुँदैन । राजनैतिक कार्यमा रूकावट आउनसक्छ ।
- **मिथुन** : आध्यात्मिक रूचीमा वृद्धि हुन्छ, शान्ति रहिरहन्छ ।
- **कर्कट** : उधारो धन दिनु हुँदैन । धैर्य राख्नुहोला ।
- **सिंह** : विरोधी कमजोर हुन्छन् तर, मन ब्याकुल हुनसक्छ ।
- **कन्या** : पारिवारिक जीवन सुखी रहन्छ । उत्साहमा वृद्धि हुन्छ ।
- **तुला** : धर्मपालनामा रूची देखिन्छ । चारै तिर प्रभाव बढ्नेछ ।
- **वृश्चिक**: स्वास्थ्य लाभ हुन्छ र कार्यमा प्रगति हुन्छ ।
- **धनु** : विदेश यात्राको योग छ । हतार गर्नु हुँदैन ।
- **मकर** : सबै कार्यमा प्रगति हुनेछ । तर, वाणी संयम् राख्नुहोला ।
- **कुम्भ** : धार्मिक कार्यमा खर्च हुनेछ र स्वास्थ्यमाथि ध्यान दिनुस् ।
- **मीन** : सामान्यरूपले समय बित्छ र यात्रा हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# 'आर्थिक–सामाजिक विकासका निम्ति बेल्ट एन्ड रोड इनिसिएटिभ उपयोगी'

**काठमाडौं/एजेन्सी–** चीनले अघिसारेको विकास-निर्माणको विशाल परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ साउदी अरबको आर्थिक-सामाजिक विकासका निम्ति उपयोगी हुने बताएको छ । साथै उसले आफ्नो देशको 'भिजन २०३०'लाई अघि बढाउन तथा उन्नत विज्ञान र प्रविधिबीच तालमेल मिलाउन चिनियाँ परियोजना फलदायी हुने विश्वास व्यक्त गरेको छ ।

साउदीका उद्योग तथा खनिज सम्पदामन्त्री बन्दर अल्खोरायफले सिन्ह्वासँगको अन्तर्वार्तामा अर्थतन्त्र र व्यापारका क्षेत्रमा दुई देशबीचको सहकार्य एवं साझेदारीको महत्वमा जोड दिँदै प्रचुर मात्रामा खनिज सम्पदा भएको आफ्नो देश र नवप्रवर्तन तथा उच्च प्रविधिको विकासमा अग्रपंक्तिमा रहेको चीनसँगको सहकार्यबाट खनिज स्रोतको विकासमा सघाउ पुग्ने बताए ।

दुवै मुलुकको साझेदारीबाट खनिजको अधिकतम दोहनका साथै अर्थव्यवस्थामा विविधीकरण, अर्धतयार वस्तुको उत्पादन, प्रशोधन एवम् निर्यात बढाउन सहज हुनेमा उनले जोड दिए ।



चिनियाँ कम्पनीहरूको प्रभावशाली प्रदर्शन र अनुभवलाई आफ्नो देशका युवा तथा महिलामा हस्तान्तरण गर्नसके पारस्परिक लाभका धेरै क्षेत्रमा सहकार्य बढ्नसक्ने बताए । साथै उनले द्विपक्षीय सहयोग प्रवर्द्धन अथाह सम्भावना रहेका बताए ।

ऊर्जा र खानी उद्योग बाहेक अनुपम भौगोलिक अवस्थिति एवम् पूर्ण पूर्वाधार भएको साउदी अरबमा फस्टाउँदै गरेको 'स्टार्टअप'मा लगानी गरेर मध्यपूर्व र उत्तर अफ्रिकामा व्यापार विस्तार गर्ने महत्वपूर्ण केन्द्र बनाउन सकिने भन्दै उनले आफ्नो देशको रेलमार्ग, बन्दरगाह र एक्सप्रेसवे निर्माणमा सहभागी हुन आह्वान गरे ।

मन्त्री अल्खोरायफले भाषा शिक्षा र व्यावसायिक तालिमजस्ता जनता-जनताबीचको आदानप्रदानमा साझेदारी विस्तार गर्न दुवै पक्षलाई आग्रह गरे । चीन आर्थिक क्षेत्रमा मात्रै नभएर अन्य धेरै क्षेत्रमा पनि साउदीको महत्वपूर्ण साझेदार भएको उनले बताए ।

चीनले अघि सारेको विश्वको विकास प्रयासको प्रशंसा गर्दै साउदी मन्त्रीले हाल विश्वले सामना गरिरहेका धेरै चुनौतीको सामना कुनै पनि देश एक्लैले गर्न नसक्ने त्यसनिम्ति सहयोग आवश्यक पर्ने यथार्थ सुनाए । उनले एकापसका सहयोगबाटै विकासका लक्ष्य हासिल गर्न सहज हुने बताए ।

# आठ हजार बढी भारतीय नागरिक विदेशी जेलमा



**काठमाडौं/एजेन्सी–** आठ हजारभन्दा बढी भारतीयहरू हाल विभिन्न देशका विदेशी जेलहरूमा कैदीबन्दीका रूपमा रहेको बताइएको छ । तीमध्ये चार हजार ३८९ जना खाडी देशहरूका जेलमा रहेको केन्द्रीय विदेश राज्यमन्त्री वी मुरलीधरनले शुक्रबार बताएका छन् ।

'मन्त्रालयमा उपलब्ध तथ्याङ्क अनुसार भारतीय हाल विदेशी कारागारहरूमा पुर्पक्षमा रहेका लगायतका कैदीहरूको सङ्ख्या ८ हजार ४४१ रहेको छ । जसमध्ये चार हजार ३८९ खाडी मुलुक (संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान) का जेलमा रहेका छन्,' उनले भने ।

युएई जेलमा रहेका कैदीहरूले भारतीय जेलमा आफ्नो बाँकी सजाय काट्न सक्छन् कि भनेर सोधिएको प्रश्नको जवाफ दिँदै, राज्यमन्त्रीले सजाय पाएका व्यक्तिहरूको स्थानान्तरण (टीएसपी), जुन नोभेम्बरमा हस्ताक्षर भइसकेको उनले बताए ।

'टिएसपी सम्झौता अन्तर्गत सजाय पाएको व्यक्तिलाई आफ्नो देशमा स्थानान्तरण गर्न कैदीको स्थानान्तरणको इच्छा, स्थानान्तरण र प्राप्त गर्ने देशको सहमति, अनुरोध प्रक्रियाको लागि आवश्यक पूर्ण कागजातको उपलब्धता, क्लियरेन्स जस्ता विभिन्न औपचारिकताहरू पूरा गर्नुपर्ने हुन्छ र सो प्रक्रियका लागि आवश्यक कागजातहरूको युएई पठाइएको छ,' उनले भने ।

दोहामा हिरासतमा रहेका आठ पूर्व नौसैनिक अधिकारीको मुद्दा फेरि चर्चामा आएपछि यो विषय पुनः सार्वजनिक चासोको मुद्दा बनेको हो ।

डिसेम्बर १ मा मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भारतले कतारमा पक्राउ परेका पूर्व भारतीय नौसेना अधिकारीहरूको मामलामा नियमित रूपमा प्रतिक्रिया दिइरहेको र दूतावासले यस विषयलाइ गम्भीररूपमा लिइरहेको बताएका छन् ।

प्रवक्ताले केही थुनुवाका दोहामा परिवारहरू छन् र उनीहरूलाई साप्ताहिकरूपमा भेटघाट गर्न अनुमति दिइएको पनि बताएका छन् ।

# पाकिस्तानमा बिजुली र ग्यासको अभाव



**काठमाडौं/एजेन्सी–** पाकिस्तानमा हरेक वर्ष हिउँदमा दाउरा र कोइलाको बढ्दो मूल्यका कारण ग्यासको अत्यधिक माग हुँदा यहाँ ग्यासको अभाव हुने गरेको छ । यसबाहेक, गत वर्षको तुलनामा काठ र कोइलाको मूल्य दोब्बर भएको सञ्चारमाध्यमले जनाएका छन् ।

सिन्ध, पञ्जाब र खैबर पख्तुनख्वाका धेरै शहरमा ग्यास उपलब्ध नभएको विभिन्न सञ्चारमाध्यमले जनाएका छन् । ग्यास अभाव र लोडसेडिङका कारण कराँची, लाहोर, हैदरावाद, मुल्तान, पेशावर र रावलपिण्डीका बासिन्दाहरू चिन्तित छन् र खाना पकाउने ग्यास र दाउराको माग पनि बढेको छ ।

दाउरा र कोइलाको मूल्य दोब्बर भए पनि घरेलु उपभोक्तालाई इन्धनको आवश्यकता पूरा गर्न ग्यास आपूर्ति गर्ने योजना पनि प्रभावकारी छैन ।

स्थानीय सञ्चारमाध्यमका अनुसार सिन्धले देशमा करिब ६२ प्रतिशत ग्यास उत्पादन गर्छ र त्यसको बावजुद सिन्धले ३८ प्रतिशत मात्र ग्यास पाउँछ । अर्कोतर्फ, पञ्जाबमा ग्याँस उत्पादन केवल तीन प्रतिशत छ तर पञ्जाबमा ५२ प्रतिशत ग्याँस उत्पादन हुन्छ । खैबर पख्तुनख्वामा ग्यास उत्पादन १५ प्रतिशत र यसको खपत सात प्रतिशत मात्र छ, बलुचिस्तानमा ग्यास उत्पादन १२ प्रतिशत र खपत दुई प्रतिशत मात्र छ ।

# आसाममा ७० करोड बराबरको लागुऔषध नियन्त्रणमा



**काठमाडौं/एजेन्सी–** आसामको काछारमा शुक्रबार राति करिब ६०-७० करोड रुपैयाँ बराबरको अवैध लागुऔषध बरामद गरिएको छ भने पाँच जनालाई पक्राउ गरिएको छ ।

यहाँका एक वरिष्ठ प्रहरी अधिकारीले नाम न छाप्ने शर्तमा एएनआईसँग फोनमा कुरा गर्दै भने, "सूचनाको आधारमा अनुसन्दान गर्दा काछार जिल्लाको प्रहरी टोलीले शुक्रबार राति मिजोरमबाट आउँदै गरेको दुई ट्रकलाई रोकी खान तलासी गर्दा दुई लाख यावा टेबुल बरामद गरेको हो ।

'हामीले घटनास्थलबाट चार जनालाई पक्राउ गरेका छौं र पछि थप एक जनालाई पक्राउ गरेका छौं । एउटा ट्रक पनि नियन्त्रणमा लिइएको छ,' प्रहरी अधिकारीले उल्लेख गरेका छन् ।

बरामद लागुऔषधको बजार मूल्य करिब ६० देखि ७० करोड रुपैयाँ रहेको बताउँदै उनले चार महिनामा काछार प्रहरीले २०० करोडभन्दा बढीको लागुऔषध बरामद गरेको बताए ।

यसअघि, तीन लागुऔषध कारोबारीलाई पक्राउ गरिएको र असमको कार्बी आङ्लोङ जिल्लामा उनीहरूबाट ७ करोड रुपैयाँ मूल्य बराबरको तस्करी बरामद गरिएको लाग औषध पक्राउ गरिएको थियो ।

सूचनाका आधारमा कार्बी आङ्लोङ प्रहरीको टोलीले बिहीबार राति खटखती क्षेत्रमा अप्रेसन गर्दा दुईवटा ट्रकलाई नियन्त्रणमा लिएको पनि अधिकारीहरुले जनाएका छन् ।

खोजीका क्रममा दुईवटा गाडीबाट ३० हजार प्रतिबन्धित याबा ट्याब्लेट र ७५७.१५ ग्राम हेरोइन लगायतका सामान बरामद गरिएको पनि प्रहरीले बताएको छ ।

# २० हजार कर्मचारी कटौती गर्दै अमेजन

**काठमाडौं/एजेन्सी–** आगामी महिनाहरूमा अमेजनले कर्पोरेट कार्यकारीहरूसहित लगभग २० हजार कर्मचारीहरूलाई हटाउन सक्ने कम्प्युटर वर्ल्डले रिपोर्ट गरेको छ ।

विश्वव्यापी रूपमा १६ भन्दा बढीलाई रोजागरी दिएको टेक जायन्टले सम्भवतः विभिन्न विभागका कर्मचारीहरूलाई बिदा गर्नेछ । यसमा वितरण कार्यकर्ताहरू, कर्पोरेट कार्यकारीहरू र प्रविधि कर्मचारीहरू समावेश छन् ।

कटौतीले सबै तहका कर्मचारीहरूलाई हटाउने काममा असर पर्ने जनाइएको छ । अमेजनले १० हजार कर्मचारीहरूलाई बर्खास्त गर्ने योजना बनाएको गत महिना न्युयोर्क टाइम्सले रिपोर्ट गरेको थियो, जुन प्रविधि कम्पनीको इतिहासमा सबैभन्दा ठूलो कटौती हुनेवाला थियो ।

तर अब बर्खास्त गरिएका कर्मचारीको संख्या दोब्बर हुन सक्ने रिपोर्टमा जनाइएको छ ।

अमेजनले विगत केही दिनमा आफ्ना प्रबन्धकहरूलाई उनीहरूले कर्मचारीहरू बीचको कार्यसम्पादनसँग सम्बन्धित विषयहरू पत्ता लगाउन भनेको छ । स्रोतका अनुसार बर्खास्त गरिएका कर्पोरेट कर्मचारीहरूले कम्पनीको सम्झौता अनुसार २४ घण्टाको सूचना र विच्छेदको तलब पाउनेछन् ।

जागिर कटौतीको बारेमा थाहा पाएपछि कर्मचारीहरू त्रसित बनेका छन् ।

कटौतीका लागि अमेजनले विशेष विभाग वा स्थानलाई निशाना बनाइरहेको प्राप्त विवरणमा जनाइएको छ । उक्त कदमले व्यापारभरका सम्पूर्ण कर्मचारी प्रभावित हुने जनाइएको छ ।

# श्रीलंकाको विप्रेषण आम्दानी दरमा वृद्धि

**काठमाडौं/एजेन्सी–** विदेशमा रहेका श्रीलंकाली कामदारले पठाएको विप्रेषण सन् २०२२ को नोभेम्बरमा बढेर ३८ करोड ४४ लाख अमेरिकी डलर पुगेको छ ।

श्रीलंकाको केन्द्रीय बैंक (सीबीएसएल) ले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार सन् २०२२ को नोभेम्बरमा श्रीलंकाका विदेशमा रहेका नागरिकले पठाएको विदेशी मुद्रा बृद्धि भएको पुष्टि गरेको छ ।

सन् २०२२ को पहिलो ११ महिनामा भित्रिएको कूल विप्रेषण ३३ खर्ब १३ अर्ब डलर रहेको छ । यो सन् २०२१ को सोही अवधिको तुलनामा ३५.९ प्रतिशतले कमी हो ।

मौद्रिक नीति र प्रणालीप्रतिको बढ्दो विश्वासका कारण पछिल्ला केही महिनामा विदेशी विप्रेषणमा निरन्तर वृद्धि भएको सीबीएसएलले जनाएको छ ।

श्रीलंकाको आधिकारिक सञ्चित सम्पत्ति १.८ अर्ब डलर रहेको छ । त्यसमध्ये १.७ अर्ब डलर सन् २०२२ को पहिलो ११ महिना अर्थात् (नोभेम्बरको अन्त्य) सम्ममा जम्मा भएको विदेशी मुद्रा सञ्चिति हो ।

VACANCY ANNOUCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

P.R.O : 2 Male/Female
Salary: Negotiable
Manager : 1 Male/Female
Salary: Negotiable
Qualification: Above Bachelor
Kitchen Staff : 1 Female
Salary: Negotiable

Mechi International Overseas Pvt. Ltd.
Sinamangal-9, Tarahall Chowk | Tel: 01- 4487000
Mob.: 9801060000, Email: mechioverseas1313@gmail.com
Web: www.mechioverseas.com.np

MALAYSIA मा रोजगार
कम्पनी : YEO AIK HEVEA (M) SDN BHD
शहर: JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०५/२७ चलानी नं.:६०१८७५०४ LT. No.: 271430 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 48 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ३ गते (18 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

WAW
श्रम ईजाजत पत्र नं. १४९५/०७४/०७५
World At Work Consultant Pvt.ltd.
Jayabageshwori-8, Kathmandu | Tel: 01-44596660 9841397451/9841207211/9851210146
Email: Gopalkoirala.waw@gmail.com, Www.waw@gmail.com

मलेसियामा रोजगारको अवसर
१. कम्पनी: XOON HUP POULTRY FARMING SDN. BHD.
शहर:Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०८/२३ चलानी नं.: ६०१९२९२९ L.T. No.:277308

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस ३ गते (18 December 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ब्लु बर्ड ओभरसिज प्रा. लि.
License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

शे–फोक्सुण्डो गाउँपालिका
ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल

सेवा करारमा लघु उद्यम विकास सहजकर्ता आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः– २०७९/०८/२५)

प्रस्तुत विषयमा शे फोक्सुण्डो गाँउपालिका गाँउकार्यापालिकाको मिति २०७९/०८/१२ गतेको निर्णय अनुसार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय अन्तर्गत गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७को परिक्षेद २ दफा ६ वमोजिम लघु उद्यम विकास सहजकर्ता पदका लागी देहायक योग्यत भएका लघु उद्यम विकास सहजकर्ता कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको ४ वजेसम्ममा दरखास्त दस्तुर तिरेको रसिद सहित दरखास्त फारम भरी दरखास्त दिन हुन सम्वन्धित सवैको जानकरीको लागी यो सुचना प्रकासशित गरिएको छ । निर्देशिका वमोजिम रित नपुगी र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गरिन्छ । यसको फारम, दरखास्त दस्तुर कार्य विवरण पारिश्रमिक सेवा तथा सर्तहरु सहितको विस्तृत विवरण गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ वमोजिम कार्यालयवाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं | पद | संख्या | आवश्यक शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| २०७९/०८०-४ | लघु उद्यम विकास सहजकर्ता | ०१ | (क) प्राविधिक शिक्षा तथा व्यावसाहिक तालिम परिषद (सिटीइभिटि)वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा<br>(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदवाट उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा<br>(ग) प्राविधिक शिक्षा तथा व्यावसाहिक तालिम परिषदवाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टीएसएलसि) उत्तिर्ण गरेको । | |

**थप जानकारी**
**योग्यता:** फौजदरी अभियोग नलागेको तथा नेपालको कुनै पनि कानुनले अयोग्य नठहरीएको नेपाली नागरीक ।
**पेश गर्न पर्ने कागजातहरु :** उमेदवारको व्याक्तिगत विवरण, नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपी , शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु,कार्य अनुभव भए कार्यअनुभव प्रमाणपत्रको प्रतिलिपिहरु । पेश गरिने सबैप्रमाण पत्रको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रामाणित गरी पेश गर्नु पर्नेछ ।
**उमेर :** १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको ।
**सेवा सुविधा :** गरिवि निवनारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ले तोके वमोजिम हुनेछ ।
**दरखास्त दस्तुर :** रु ५०० (पाँच सय रुपिया मात्र )
**दरखास्त दिने अन्तिम मिति :** २०७९/ ०९/ १० गते ४ वजे भित्र ।
**दरखास्त वुझाउने स्थान :** शे फोक्सुण्डो गाँउपालिकाको कार्यालय साल्दाङ डोल्पा ।
**परिक्षाको किसिम :** लिखित / मौखिक
**परिक्षा मिति :** संक्षिप्त सुचिसंगै जानकारी गराइने छ ।
**नोट:** आवेदन दस्तुर शे-फोक्सुण्डो गाउँपालिका, साल्दाङ्ग स्थित प्रभु बैंक शे-फोक्सुण्डो शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १६५०१३३५३७७०००७१मा जम्मा गर्न सकिनेछ ।
***थप जानकारीका लागि: ९८५८०२५२८८, ९८५८३५०११६, ९८५८३५०११७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।***

संयोजक
पदपूर्ति समिति

# बक्स अफिस समाचार

## 'बुद्ध भारतमा जन्मेको हो भन्ने भ्रम हटाउने अभियानमा छु'



पछिल्लो समय गीतसंगीत भन्दा पनि गौतम बुद्ध नेपालमा जन्मेको हो भन्ने सन्देश विश्वभर फैल्याउन कम्मर कसेर लागि परेका गायक **धीरज राई**ले नेपालमा पप संगीत स्थापित गर्नमा महत्वपूर्ण योगदान दिएका छन् । पप संगीतमै झण्डै तीन दशक बिताएका राईको १५ वटा एल्बम र पुस्तक सार्वजनिक छ । आफ्नो पछिल्लो एल्बम "बुद्धज् बर्न इन नेपाल" का गीत अंग्रेजीमा रेकर्ड गराएर राईले नेपाली गीत संगीतलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनसमेत महत्वपूर्ण भूमिका खेलेका छन् । नेपाली पप गीतसंगीतमा पृथक पहिचान बनाउन सफल गायक धीरज राईले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**गीत गाउन छाड्नु भयो कि ? पछिल्लो समय कुनै सिर्जना स्रोतामाझ आएजस्तो लाग्दैन ?**

गीत गाउन छोडेको छैन । कोरोनाले गर्दा रेकर्ड गर्न नसकेको हो । अब नयाँ एल्बम चाँडै नै आउँदैछ ।

**पप संगीतमा झण्डै तीन दशक बिताइसक्नु भएको छ, विगत र वर्तमानमा के भिन्नता पाउनु हुन्छ ?**

अहिलेको संगीत पैसा केन्द्रित छ । पहिलेको मन केन्द्रित थियो । अहिलेकोलाई छिटो हिट हुने हतार छ, पहिलेको क्वालिटी केन्द्रित थियो । कम मिहेनत गरेकोले अहिलेको गीत संगीतको आयु कम छ, पहिलेकोमा मिहेनत धेरै भएकोले आयु लामो हुन्थ्यो ।

**"बुद्धज् बर्न इन नेपाल" गीत अंग्रेजीमा गाउनु भयो, विश्व बजारमा यसको कस्तो प्रभाव रह्यो ?**

२५ वर्षसम्म गीत गाएपछि मलाई लाग्यो अब मैले देशको लागि गाउनुपर्छ । म अंग्रेजी पढ्दा बुद्ध भारतमा जन्मेको लेखिएको थियो । त्यसपछि म गीत संगीतबाट बुद्धको भ्रम संसारबाट हटाउनुपर्छ भन्ने अभियानमा लागे। गीतको प्रभाव पनि सन्तोषजनक नै रह्यो ।

**बुद्ध बोकेर हिँड्नु स्वार्थ हो कि बाध्यता ?**

१२ वर्षको बुद्ध अभियानमा थाहा भयो कि बुद्ध भारतमा जन्मेको भनेर १२ भाषामा पढाइ हुँदो रहेछ । विश्वका धेरै स्कुल, कलेज, लाइब्रेरी, म्युजियममा बुद्ध भारतमा जन्मेको भनेर लेखिएको रहेछ। त्यस्ता पुस्तक सच्याउने अभियानमा लागेको छु। यो अभियानमा कुनै स्वार्थ छैन। म किरात धर्म मान्छु तर सबै धर्मलाई उत्तिकै सम्मान गर्छु, नेपाल विभिन्न भाषा धर्म मिलेर बसेको देश हो । बुद्ध भनेको कुनै जात धर्म वा भुगोल भन्दा पनि राष्ट्रियता अनि राष्ट्रिय पहिचानको मुद्दा हो। किनकि नेपाललाई विश्वमा चिनाउने भनेकै बुद्ध, सगरमाथा अनि वीर गोर्खालीको देश भनेर हो ।



**जन्म स्थान खोटाङमा स्कुल बनाउने कुरा उठाउनु भएको थियो, के भइराखेको छ ?**

कोरोनाका कारण स्कुल निर्माणको काम रोकिएको छ, अब चाँडै नै यो अभियान शुरु हुन्छ ।

**गीतसंगीतको मान्छे चलचित्र कत्तिको हेर्नु हुन्छ ?**

चलचित्र एकदम कम हेर्छु। भ्रमण गर्ने मेरो सोख हो।

**कस्तो खालको चलचित्र मन पर्छ ?**

मलाई लभस्टोरी मन पर्छ । शीव श्रेष्ठ दाइको ' जीवन रेखा', भुवन केसी दाइको 'सम्झना' जस्तो फिल्म अहिलेसम्म मैले पाएको छैन ।

**कुनै समयको ब्यस्त गायक अहिले स्टेज कार्यक्रममा तपाईंको माग कम हुन थालेको हो ?**

वास्तवमा बुद्ध अभियानले मलाई गीत नसुन्ने नेपालीहरु माझ पनि परिचित गराएको छ। बुद्ध अभियानले त मेरो मार्केट र डिमान्ड र पपुलारिटी अझ बढेको छ। तर मेरो विश्व बुद्ध अभियान सकेको छैन । ४० वटा देश सकियो अझै २० वटा देश जान बाँकी छ। त्यसैले व्यापारिक कन्सर्टहरु केही समयको लागि बन्द गरेको छु।

**गीतसंगीतको क्षेत्रलाई व्यवस्थित, प्रवर्द्धन, हकहितको लागि काम गर्ने भनी थुप्रै संघसंस्था खोलिएका छन् । तर एक आपसमा किचलो परिरहनुलाई कसरी हेरिर हनु भएको छ ?**

गीत संगति क्षेत्र कुनै वाद, विचारमा बाँधिनु हुन्न । यो स्वतन्त्र हुनुपर्छ । तर यो अहिले राजनीति, ग्रुप वा टिमबाट निर्देशित हुन थालेको जस्तो देखिन थालेको छ। जुन अत्यन्त दु:खको कुरो हो ।

**गीत संगीत बाहेक फुर्सदमा के गर्न रुचाउनु हुन्छ ?**

बिहान कलेज पढाउँछु, दिनको समय ओभरसियरको काम हुन्छ । बेलुका गीत संगीतमा दिनुपर्छ । फुर्सद कमै हुन्छ ।

**पछिल्लो समय नेपाली गीतसंगीतमा छाडापन बढ्यो भन्छन् नि ?**

हो, पछिल्लो समय छाडापन र गलत विषय वस्तुको प्रभाव देख्दैछु। हाम्रो सामाजिक मान्यता परम्परा संस्कृति अनुसार गीत गाएनौं भने त्यो टिकाउ हुँदैन । यसले स्रस्टालाई र समाज दबैलाई घाटा हुन्छ ।

**तपाईंका प्राय: सबै गीत चर्चामा रहे, धीरज राई भनेर कुन गीतले पहिचान दिलायो ?**

२५ वर्षमा मैले १५ वटा एल्बम निकालेको छु। तर मलाई चिनाउने गीत चाहिँ लुकी लुकी नै हो ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

म ख्याती र पैसा भन्दा ओजन र उचाइको खोजीमा छु ।

## गीत मेरो करिअर निर्माणको महत्वपूर्ण पक्ष : स्वस्तिमा



**काठमाडौं/मस–** अभिनेत्री स्वस्तिमा खड्काले गीत आफ्नो करिअरकै महत्वपूर्ण पक्ष भएको बताएकी छन् । आफूले अभिनय गरेका गीत सर्वाधिक हेरिँदा त्यसको प्रक्ष्यक्ष फाइदा आफ्नो कला यात्रामा परेको उनको भनाइ छ ।

'संगीतको महत्व मेरो करिअरमा सधैं महत्त्वपूर्ण रह्यो । सबै खाले दर्शकमा पुग्नका लागि यो विधा अत्यन्त सहायकसिद्ध हुने रहेछ,' उनले भनेकी छन्, 'मलाई आज पनि कति दर्शकले मैले अभिनय गरेको चलचित्रले भन्दा मेरो नृत्य रहेको चलचित्रका गीतहरूका कारणले चिनेको अवस्था छ ।'

'कुटुमा कुटु सुपारी दाना' स्वस्तिमाले नृत्य गरेको गीत हो। जुन आज सम्मकै युट्युबमा सर्वाधिक हेरिएको गीत हो । ' अहिले आएर साली मन पर्यो गीतले पनि १० करोड पटक हेरिएर तेस्रो सर्वाधिक हेरिएको गीतमा पर्न सफल भएको खुसी थपिएको छ,' स्वस्तिमा पेसबुकमा लेख्छिन् ।



## ग्ल्यामर भन्दा पनि अभिनयमा रुची राख्छु : नम्रता

**काठमाडौं/मस–** नेपाली चलचित्र डेसान देशभर प्रदर्शनमा आएको छ । फिल्म शुक्रबारबाट देशभरका सिनेमा घरमा प्रदर्शनमा आएको हो । शुक्रबार साँझ दर्शकहरूसँगै चलचित्र हेरिसकेपछि कलाकारहरूले दर्शकहरूबाट राम्रो माया पाएको बताए । सञ्चारकर्मीहरूसँग कुरा गर्दै अभिनेत्री नम्रता सापकोटाले चलचित्रमा नराम्रो कुराहरू चाँडै फैलिन्छ, महामारी जस्ता नराम्रा कुराहरू चाँडै फैलिने भन्ने कुरालाई चलचित्रमा देखाइएको बताइन् । उनले चलचित्रमा आफूले भाइरसको रोल खेलेको जिकिर गरिन् । चलचित्रमा एक महिलाले घर बनाउन पनि सक्छ चाहेमा घर भत्काउन पनि सक्छ भन्ने कुरालाई देखाइएको उनको भनाइ छ । ग्लामर आफ्नो ठाउँमा भए पनि आफूलाई अभिनय गर्दा मजा लाग्ने उनको अनुभव छ । उनले चलचित्रको कथाले अन्तिमसम्म नै के हुन्छ भन्ने कौतूहलता हुने बताइन् ।कमल एक्चै मगर निर्देशित चलचित्रमा भोला सापकोटा, नम्रता सापकोटा, निशान चौहान, पुनम थापा, कविता आले, आरुषजंग सारु, मलिका बस्नेत, प्रमिशा सारु मगरलगायतको अभिनय रहेको छ । चलचित्रको मुख्य भूमिकामा रहेका निशान र पुनमको यो डेब्यु चलचित्र हो। चलचित्रमा पारिवारिक प्रेम, विश्वास, घात तथा बदलाको कथा उठान गरिएको छ । पर्फर्मिङ आर्ट क्रिएशनको ब्यानरमा कृशाला मगर कार्यकारी निर्माता रहेको चलचित्रको कथा राजु काउँचा मगरले लेखेका हुन् ।


## शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**ठाडा, अर्घाखाँची, लुम्बिनी प्रदेश**

### प्रारम्भिक वातावरणीय अध्ययनको राय सुझाव सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०७९/०८/२५**

लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला शितगंगा नगरपालिकाद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शितगंगा नगरपालिका ठाडा अर्घाखाँची |
| **प्रस्तावको व्यहोरा** | रङ्गसिङ्ग खोला, खयरभट्टी खोला, कोंन्द्रे खोला, बाणगंगा खोला र राप्ती नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्य<br>**तपसिलः**<br>१. राप्ती नदी–राप्ती नदी पल्टेडाँडा क्षेत्र<br>२. राप्ती नदी–राप्ती नदी गढवा राप्ती गा.पा. सिमाना क्षेत्र<br>३. रङ्गसिङ्ग खोला–तीनखण्डेको पच्छार र तिनखण्डे खा.पा. आयोजनाको ५०० मि. उतर तर्फको क्षेत्र<br>४. रङ्गसिङ्ग खोला–रागाकोट देखि केरावारी सम्मको क्षेत्र<br>५. रङ्गसिङ्ग खोला–बेल दमार पच्छार देखि खारघाट गाँउको पच्छार सम्मको क्षेत्र<br>६. खयरभट्टी खोला–राता पहरा देखि दमइ घाट सम्मको क्षेत्र<br>७. कोन्द्रे खोला–दक्षिण कपिलवस्त सिमा देखि अर्घाखाँचीको समथर क्षेत्र<br>८. बाणगंगा खोला–बाणगंगा खोला जरीकना क्षेत्र<br>९. बाणगंगा खोला–पावरा जाने बाटो देखि उतर तर्फको क्षेत्र |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं. ८, ९, ११, १२ र १४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न शितगंगा नगरपालिका वडा नं. ८, ९, ११, १२ र १४ वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र इमेल** | शितगंगा नगरपालिका , ठाडा, अर्घाखाँची<br>ईमेलः sitgangamunicipality@gmail.com सम्पर्क नं. ९८५७०६९८२० |
| **परामर्शदाताको नाम र ठेगाना** | दुरदर्शी इन्जिनीयरिंग कन्सल्टेन्सी<br>ईमेलः consult.durdarshi@gmail.com, सम्पर्क नं. ९८५७०८१८९५ |

**प्रमुख प्रशासकीय अधिकृत**



## Sabhapokhari Rural Municipality
## Office of the Rural Municipal Executive

**Barhabise, Sankhuwasabha**

**Province No. 1, Nepal**

### Invitation for Electronic Bids

**First Date of publication: 2079/08/25**

1. *Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha* invites electronic bids from Nepalese eligible bidders for the construction of following works :-

| Contract ID | Description of work | Estimated Amount (in Rs.) with Vat | Bid Security Amount (In Rs.) | Remarks |
|---|---|---|---|---|
| SPRM/BDD/ NCB/01/079/80 | Barhabise to Khandbari Road Upgrading works (Barhabise Dhupusera Deurali Sector) | 1,49,78,712.25 | 4,00,000.00 | Online. |
| SPRM/BDD/ NCB/02/079/80 | Barhabise to Khandbari Road Upgrading works (Deurali Dake Lebrang Danda Sector) | 1,49,77,653.87 | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Sabhapokhari Rural Municipality, Sankhuwasabha, Tel No:- 029413090 website www.savapokharimun.gov.np* or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost( **NRs. 3000.00**) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : *Prime Commercial Bank, Sabhapokhari*
   Name of Office : *Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha*
   Office Account no. : *06900231CA(Dharauti Khata)For Bid Security Deposite*
   Rajaswa(revenue) Shirshak no. : *06900222CA (For Bid Document Purchase)*
4. Electronic bids must be submitted to the office *Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha* through PPMO website www.bolpatra.gov.np/egpon or before *12:00 PM* on *2079/09/26*. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *1:00 PM on 2079/09/26* at the office of *Sabhapokhari Rural Municipality, Sankhuwasabha*. Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs. 4,00,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
8. *The Purchaser reserves the right to accept or reject*, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## फिफा विश्वकप

# अर्जेन्टिना र क्रोएशिया सेमिफाइनलमा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २४ मंसिर

साविक उपविजेता क्रोएशिया कतारमा जारी फिफा विश्वकप फुटबलको सेमिफाइनलमा प्रवेश गरेको छ । शुक्रबार राति भएको पहिलो क्वाटरफाइनलमा ब्राजिललाई पेनाल्टी सुटआउटमा ४-२ गोल अन्तरले हराउँदै क्रोएशिया अन्तिम चारमा पुग्ने पहिलो टोली बनेको हो ।

एजुकेसन सिटी स्टेडियममा भएको रोमाञ्चक खेलको निर्धारित ९० मिनेट गोलरहित बराबरी भएपछि खेल अतिरिक्त समयमा गएको थियो । ३० मिनेटको अतिरिक्त समयको खेल पनि १-१ गोलको बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो ।

पेनाल्टीमा क्रोएशियाका निकोला भ्लासिच, लोभ्रो माजेर, लुका मोड्रिच र मिस्लाभ ओर्सिचले गोल गरे पनी क्रोएशियाका गोलकिपर डोमिनिक लिभाकोभिच भने नायक बने । ब्राजिलका क्यासिमेरो र पेड्रोले गोल गरे । रोड्रिगो र मार्क्विवन्होस पेनाल्टीमा गोल गर्न चुके । रोड्रिगोको प्रहार क्रोएशियाका गोलकिपर लिभाको भिचले बचाएका थिए भने मार्क्विवन्होसको प्रहार पोस्टमा लागेर बाहिरिएको थियो ।

त्यसअघि अतिरिक्त समयको पहिलो हाफको इन्जुरी समयमा पाक्वेटाको पासमा १०५+१ मिनेटमा नेयमारले गोल गर्दै ब्राजिललाई अग्रता दिलाएका थिए ।



गोलसँगै नेयमारले ब्राजिलका लागि सर्वाधिक गोलकर्ता पेलेको कीर्तिमानसँग बराबरी गरेका छन् । नेयमारको यो ब्राजिलका लागि ७७ औं गोल हो । पेलेले पनि ७७ गोल गरेका छन् ।

खेलको ११७ औं मिनेटमा ब्रुनी पेट्कोभिचले गोल गर्दै क्रोएशियालाई १-१ गोलको बराबरीमा ल्याएका थिए । पेनाल्टीमा चुकेसँगै पाँच पटकको च्याम्पियन ब्राजिल प्रतियोगिताबाट बाहिरिएको छ ।

शुक्रबार राति नै लुसेल स्टेडियममा भएको खेलमा अर्जेन्टिना सेमिफाइनलमा प्रवेश गरेको छ । क्वाटरफाइनलमा नेदरल्यान्ड्सलाई पेनाल्टी सुटआउटमा ४-३ गोल अन्तरले हराउँदै अर्जेन्टिना अन्तिम चारमा पुगेको हो ।

निर्धारित ९० मिनेट र थप गरिएको ३० मिनेटको अतिरिक्त समय समेत २-२ गोलको बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो । अर्जेन्टिनाका लियोनल मेस्सी, लिन्ड्रो पारेडेस, गोन्जालो मोन्टिल र लाउटरो मार्टिनेजले पेनाल्टीमा गोल गर्दा एन्जोफर्नान्डेज भने पेनाल्टीमा चुके ।

उता नेदरल्यान्ड्सका लुक डी योङ, वोउट वेघोर्स्ट र नुन कुपमाइनर्सले गोल गरे भने भिर्गिल भान डाइक र स्टिभन बेर्घुइस पेनाल्टीमा गोल गर्न चुक्दा हार व्यहोर्नु पर्‍यो ।

रोमाञ्चक खेलमा शुरुवाती अग्रता अर्जेन्टिनाले खेलको ३५ औं मिनेटमा मेस्सीको पासमा नहुएल मोलिनाले गोल गर्दै दिलाएका थिए । खेलको ७३ औं मिनेटमा मेस्सीले पेनाल्टीबाट गोल गर्दै अर्जेन्टिनालाई २-० को अग्रता दिलाए । मेस्सीको यो दशौं विश्वकप गोल हो । यस गोलसँगै मेस्सीले विश्वकपमा अर्जेन्टिनाका लागि सर्वाधिक गोल गर्ने खेलाडी गाब्रिएल बाटिस्टुटाको नाममा रहेको कीर्तिमानसँग बराबरी गरेका छन् ।

खेलको ७८ औं मिनेटमा मैदान प्रवेश गरेका वोउट वेघोर्स्टले ८३ औं मिनेटमा गोल गर्दै नेदरल्यान्ड्सलाई २-१ को स्थितिमा ल्याए । त्यसपछि खेलको इन्जुरी समयमा वेघोर्स्टले व्यक्तिगत दोस्रो गोल गरेपछि खेल २-२ गोलको बराबरीमा सकिएको थियो । अब अर्जेन्टिनाले सेमिफाइनलमा क्रोएशियाको सामना गर्नेछ ।

# धारा नेपालगञ्ज म्याराथनको उपाधि खड्कालाई



**नेपालगञ्ज/मस-** आठौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका खड्गबहादुर खड्काले जितेका छन् । नेपालगञ्जमा आज भएको म्याराथनमा खड्काले निर्धारित दूरी दुई घण्टा २० मिनेट २८ सेकेन्डमा पूरा गर्दै उपाधि हात पारेका हुन् ।

म्याराथनमा दोस्रो र तेस्रो आर्मीकै क्रमशः नरेन्द्रसिंह रावत र मोहनदेव जोशी भए । रावतले निर्धारित दूरी दुई घण्टा २२ मिनेट २९ सेकेन्डमा तथा जोशीले दुई घण्टा २४ मिनेट ३६ सकेन्डमा पूरा गरे । यसअघि सातौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि एपीएफ क्लबका किरणसिंह विष्टले जितेका थिए ।

उपाधि विजेता खड्काले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरे । दोस्रो भएका रावतले रु रु ६० हजार र तेस्रो भएका जोशीले रु ३० हजार पुरस्कार प्राप्त गरे ।

यस्तै आठौं संस्करणकै महिला हाफ म्याराथनको उपाधि बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले जितिन् । उनी सातौं संस्करणकी समेत च्याम्पियन हुन् । उनले निर्धारित दूरी एक घण्टा १६ मिनेट ४१ सकेन्डमा पूरा गर्दै रु ६० हजार पुरस्कार प्राप्त गरिन् ।

यस्तै सो म्याराथनमा दोस्रो भएकी अञ्जली चौहानले निर्धारित दूरी एक घण्टा २५ मिनेट १५ सकेन्डमा पूरा गरिन् भने तेस्रो भएकी अञ्जु खड्काले एक घण्टा ३६ मिनेट ४४ सेकेन्डमा पूरा गरिन् । दुवैजनाले क्रमशः रु ३० हजार र रु १५ हजार पुरस्कार प्राप्त गरेको आयोजक क्रियटिभ ह्याण्ड्सका अध्यक्ष एवं नेपालगञ्ज म्याराथनका संस्थापक टिएस ठकुरीले जानकारी दिए ।

हरेक वर्ष मङ्सिर पाँच गते आयोजना गरिँदै आएको म्याराथन यसवर्ष प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका कारण दुई साता पर धकेलिएको ठकुरीले बताए । प्रतियोगिता क्रियटिभ ह्याण्ड्सको आयोजना तथा क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापनमा भएको हो ।

# टोखा मेयर कप जितकुन्डोमा काठमाडौं च्याम्पियन

**काठमाडौं/मस-** काठमाडौंले तेश्रो टोखा नगरपालिका मेयर कप आमन्त्रण जितकुण्डो मार्सल आर्ट प्रतियोगिताको उपाधि शनिबार जितेको छ । काठमडौं ४ स्वर्ण, ३ रजत र ७ कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो ।

नेपाल जितकुण्डो मार्सल आर्ट संघद्वारा आयोजित प्रतियोगितामा सर्लाही समान २-२ स्वर्ण र रजतसाथ दोश्रो भयो । तेश्रो स्थानको सिन्धुपाल्चोकले १ स्वर्ण, ३ रजत र १ कांस्य जित्यो । धनगढीले १ स्वर्ण प्राप्त गर्‍यो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको प्रतियोगिताको पुरुषमा काठमाडौंका विजय थापा तथा महिलामा काठमाडौंकै सुस्मिता दनुवार राई उत्कृष्ट खेलाडी घोषित भए । पुरुषको ३०.५-३५ केजीमा काठमाडौंका लोकेन्द्र तामाङ, ३५.५-४० केजीमा सर्लाहीका कृषण पण्डित, ४०.५-४५ केजीमा धनगढीका नितेश कठायत, ४५.५-५० केजीमा काठमाडौंका विजय थापा, ५०.५-५५ केजीमा काठमाडौंका सुनिल विष्ट र ५५.५-६० केजीमा काठमाडौंका सुमन तामाङले स्वर्ण जिते । टोखा नगरपालिकाको मुख्य प्रायोजनमा भएको प्रतियोगिताको महिला ५० केजीमुनि सिन्धुपाल्चोककी जमुना दनुवार तथा ५० केजीमाथि सर्लाहीकी चान्द यादवले पहिलो स्थान हात पारे ।

# नेपालका ६ खेलाडी एसियन च्याम्पियनसिपका लागि छनोट




**काठमाडौं/मस-** नेपालका ६ खेलाडी एसियन टेबलटेनिस च्याम्पियनसिप छनोटमा सहभागी हुने भएका छन् । लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा जारी साउथ एसियन रिजनल च्याम्पियसिप २०२२ को शीर्ष १६ वरियतामा स्थान बनाउँदै ६ खेलाडीले एसियन टेबल टेनिस च्याम्पियनसिप छनोट खेल्ने पक्का गरेका हुन् । पुरुषतर्फ पाँच खेलाडी छनोट हुँदा महिलातर्फ एक खेलाडी छनोट भइन् ।

पुरुषतर्फ नेपालबाट सहभागी भएका संयोग कपाली, रुविन महर्जन, बिनेश खनिया, शिव सुन्दर गोथे र प्रदीप रोक्का गरि पाँचै खेलाडी छनोट भए । महिलातर्फ नेपाल वरियता एककी नविता श्रेष्ठ मात्रै सफल भइन् । नेपालकी एलिना महर्जन, इभाना थापा, रविना महर्जन, सिक्का सुवाल श्रेष्ठ भने १६ वरियतामा पर्न असफल भए । शुक्रबार भएको समूह चरणमा विजयीहुँदै संयोग, रुविन, बिनेश र नविता छनोट भइसकेका थिए । शनिबार भएको खेलमा पराजित भएपनि शिव र प्रदीप शीर्ष १६ वरियतामा स्थान बनाउँदै छनोट हुन सफल भएका छन् ।

अन्तिम खेलमा शिव पाकिस्तानका हसिव ख्वाजासँग सोझो सेटमा हार्न पुगे । आइतबार शिवले नवौं वरियताको लागि बंगलादेशका नाफिज इक्वालसँग प्रतिस्पर्धा गर्नेछन् । यसैगरी प्रदीप बंगलादेशका रामहिमलियान वानसँग ३-२ सेटमा पराजित भएपनि १६औं वरियतामा रहन सफल भए ।

पुरुषतर्फ नेपालका पाँच खेलाडी छनोटहुँदा पाकिस्तानका चार, बंगलादेश, भारत र श्रीलंकाका दुई-दुई खेलाडी छनोट हुँदा माल्दिभ्सका एक खेलाडी छनोट भए । पुरुषतर्फ पाकिस्तानका हसिव खवाजा, मोहम्मद शाह खान, फहाद खवाज र फइजान जाहूर छनोट भए । भारतका सनिल शंकर सेटी र हर्मित राजुल डेसाइ छनोट हुँदा श्रीलंकाका प्रसाद जयशंका डी सिल्भा र भुवनेका निर्मला बन्दरा जयासिंघे भएका छन् ।

# रग्बीमा सेमिफाइनल समीकरण पूरा



**काठमाडौं/मस-** यु-१८ एसियाली रग्बी सेभेन्स च्याम्पियनसिपको पहिलो दिन शनिबार पुरुषमा सेमिफाइनल समीकरण तयार भएको छ ।

एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा भइरहेको प्रतियोगिताको समूह 'ए' बाट मलेसिया ९ अंकसहित विजेता तथा भारत ५ अंकसहित उपविजेता बन्दै सेमिफाइनलमा पुगे । समूह 'बी' बाट युएइ ९ अंकसाथ विजेता तथा दक्षिण कोरिया ७ अंकसाथ उपविजेताको हैसियतले सेमिफाइनलमा पुगे । सेमिफाइनलमा भारतको भेट युएइसंग हुनेछ भने दक्षिण कोरियाले मलेसियाको सामना गर्नेछ ।

समूह 'ए' मा रहेको नेपालले भारतसंगै समान ५ अंक जोडेपनि स्कोरअन्तरका आधारमा पछि पर्‍यो । नेपालले भारतलाई १२-१० पराजित गरेको थियो । नेपाल थाइल्यान्डसंग १५-७ तथा मलेसियासंग ३४-० ले पछि पर्‍यो । पुरुषमा ८ टिम सहभागी छन् ।

नेपालसहित समूह चरणबाट बाहिरिएका थाइल्यान्ड, बंगलादेश र चाइनिज ताइपेइले प्लेट च्याम्पियनसिपमा पुनः प्रतिस्पर्धा गर्ने छन् । प्लेटमा नेपालले ताइपेइ तथा थाइल्यान्डले बंगलादेश विरुद्ध खेल्ने छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको महिलाको राउन्ड रोबिन लिगमा भारत र थाइल्यान्डले समान ३-३ खेल खेल्दै समान ७-७ अंक जोडेका छन् । ५ टिम सहभागी राउन्ड रोबिनमा दुवैको १-१ खेल बाँकी छ । समान २-२ खेल खेलेका युएइ, नेपाल र मलेसियाको क्रमशः ६ अंक, २ अंक र २ अंक रहेको छ । नेपाल थाइल्यान्डसंग ३९-० र युएइसंग ४१-० ले पराजित भयो ।

प्रतियोगिताको पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा दाहालले अन्तर्राष्ट्रिय प्रतियोगिताले राष्ट्रबीचको सम्बन्ध अझ प्रगाढ बनाउन महत्वपूर्ण योगदान पुर्‍याउने बताउदै राष्ट्रको अर्थतन्त्र बृद्धिमा पनि टेवा पुर्‍याउने विश्वास व्यक्त गरे ।

युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराजले नेपालमा रग्बीको विकास र विस्तारका लागि सरकारले पूर्वाधार निर्माण तथा अन्य तयारी सुरु गरेको जानकारी गराए ।

एसिया रग्बीका अध्यक्ष कायस अल धलाइले छोटो समयको प्रस्तावमा पनि नेपालले प्रतियोगिता आयोजना गर्न तत्परता देखाएकोमा नेपाल रग्बी संघलाई धन्यवाद दिदै खुशी व्यक्त गरे । कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइराला, राखेपका सदस्य-सचिव एवं एसिया रग्बीका सदस्य टंकलाल घिसिङ, राखेपका सदस्य अञ्जन धमला, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठलगायतको उपस्थिति थियो ।


## मलेसियामा रोजगार

कम्पनी : CAKRA WIRA SECURITY SERVICES (M) SDN. BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०८/२३ चलानी नं.: ६०१९२९२८ LT. No.: 277292

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ३ गते (18 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

मित्र ओभरसिज सर्भिस प्रा. लि.
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com
श्रम इजाजत नं. २९७/०५८/०५९


## शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

सात्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल

### NCCSP 2 कार्यक्रमको लागि सामाजिक परिचालक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७९/०८/२५)

शे-फोक्सुण्डो गाउँपालिकामा संचालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ लागि आवश्यक सामजिक परिचालक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस शे फोक्सुण्डो गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७९।०८०-०४ | सामाजिक परिचालक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ | |

१) आवश्यक न्यूनतम योग्यता र अनुभवः-
क) नेपाल सरकारबाट मान्यता प्रप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,
ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
ग) सामुदायिक स्तरमा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको कार्यानुभव भएको ( जलवायु परिवर्तनको क्षेत्रमा कार्य गरेकालाई थप प्राथमिकता दिइनेछ । )
घ) जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता सम्बन्धि स्थानीय तथा राष्ट्रिय ज्ञान भएको ।
ङ) सार्वजनिक खरिद प्रक्रिया सम्बन्धि ज्ञान भएको
च) Computer (Microsoft Office) सम्बन्धि ज्ञान भएको
छ) महिला अल्पसंयक तथा सुविधाविहिन वर्गका उम्मेदारलाई प्राथमिकता दिइने छ ।
२) दरखास्त दिने स्थानः- शे-फोक्सुण्डो गाउँपालिकाको कार्यालय, साल्दाङ, डोल्पा
३) दरखास्त दिने अन्तिम मिति :- २०७९/०९/१०
४) आवेदनको दस्तुरः- रु ५००/-
५) छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा
६) आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क. नेपाली नागरिकताको प्रमाण पत्र
ख. न्यूनतम योग्यताको लब्धाङ्क पत्र
ग. चारित्रिक प्रमाण पत्र
घ. तालिमको प्रमाण पत्र
ङ. अनुभव भए सोको कागजात
च. दुई प्रति पासपोर्ट साईज फोट
छ. आवेदन दस्तुर तिरेको भौचरको प्रतिलिपि
७) सेवा सुविधा तथा अन्यः- गाउँपालिकाको निर्णयानुसार

**नोटः** आवेदन दस्तुर शे-फोक्सुण्डो गाउँपालिका, साल्दाङ स्थित प्रभु बैंक शे-फोक्सुण्डो शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १६५०१३३५३७७०००७१ मा जम्मा गर्न सकिनेछ ।

**थप जानकारीका लागिः ९८५११२९९८८, ९८५८३९०११६, ९८५८३९०११७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**संयोजक**
**पदपूर्ति समिति**

## मकवानपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
बागमती, प्रदेश

### माटो कर उठाउने ठेक्का (E-Bidding) सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०८।२५)

यस गाउँपालिकावाट आर्थिक वर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोहि ऐनको परिच्छेद ९ को दफा ६२(क) को उपदफा (१) अनुसार यस गाउँपालिका क्षेत्रभित्र विभिन्न स्थानवाट माटो कूल संकलन देहाय बमोजिम घनफिट. मात्र बिक्रिमा प्रति घन फिट रु.३।५० (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा मकवानपुरगढी गाउँपालिकाको नाममा नविल बैंकमा रहेको ग.१-१ आन्तरिक राजश्व खाता नं 22101017500055 मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

माटो बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८० (जेष्ठ मसान्त) सम्मको लागि

**तपसील**

| ठेक्का नं. | कूल घन फिट | न्यूनतम ठेक्का अंक रु. मा (कर बाहेक) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|
| 02/MGRM/NCB/GOODS/2079/080 | १२६४२२०।० | रु.४४२४७७०।०० | रु.३०००।०० |

## करोडौँको लगानीमा बनेका मेलम्चीका होटल पर्यटकको प्रतीक्षामा



**काठमाडौं/रासस** – मेलम्ची बजारमा पक्की घर तथा सुविधासम्पन्न होटल निर्माणले आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बाक्लिँदै गएको थियो। मेलम्ची, हेलम्बु तथा पाँचपोखरी घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि मेलम्ची बजारमा सानाठूला गरी दर्जन होटल बनेका थिए। करोडदेखि साना लगानीमा बनेका होटल मेलम्चीमा सञ्चालन भइरहेका थिए। विसं २०७२ को भूकम्पपछि लय समातेको होटल व्यवसाय २०७८ असार १ पछिको बाढीले तहसनहस बनायो। हेलम्बुका खोला किनारामा रहेका अधिकांश होटल तथा रिसोर्ट बालुवामा बिलाए। मेलम्ची क्षेत्रमा रहेका केही बगे भने पुरिएका केही होटल जसोतसो सञ्चालकले आफैँ बचाएर सफा गरी अहिले सञ्चालन गरिरहेका छन्।

आन्तरिक तथा बाह्य पर्यटकले राम्रै चहलपहल हुने मेलम्ची, हेलम्बु र पाँचपोखरीका होटल फेरि सुनसान जस्तै देखिन थालेका छन्। पर्यटकीयस्थल हेलम्बु, मेलम्चीको मुहान, पाल्चोक मन्दिर, पाँचपोखरी, इन्द्रावती तथा मेलम्ची घुम्न आउने पर्यटकको संख्या अहिले कम भएको स्थानीय होटल व्यवसायी रत्न श्रेष्ठ बताउँछन्।

मेलम्चीमा बाढीपछि माछा पाउन थाले पनि बाढी अघि जस्तो ग्राहक नआएको उनी बताउँछन्। मेलम्चीका माछा खान बाढी अघि विभिन्न जिल्लाबाट मान्छे आउने गर्दथे। मेलम्चीका स्थानीय माछा, हेलम्बु पाँचपोखरी तथा मेलम्चीको चिसो पानीमा पालिएका ट्राउट माछा खान सार्वजनिक बिदा तथा अन्य समयमा विभिन्न जिल्ला तथा बाहिरबाट आन्तरिक पर्यटकको भीड लाग्ने गर्दथ्यो। क्षेत्र नं २ को मुख्य बजार रहेको मेलम्चीमा विभिन्न समयमा कार्यक्रम पनि हुने गर्दथे। पछिल्लो समय वर्षा आएमा बाढीको त्रासले ग्राहक बास बस्न डराउने गरेका छन्। बाढीपछि चुनावमा केही चहलपहल भए पनि फेरि यहाँका बजारमा चहलपहल निकै कम भएको छ।

विभिन्न सुविधासहितका तीन र अन्य सानाठूला गरी मेलम्चीमा एक दर्जनभन्दा बढी होटल तथा लज सञ्चालनमा छन्। होटल मेलम्ची हेरिटेजका सञ्चालक सागरकुमार श्रेष्ठले विपद्को केही समयअघि सञ्चालनमा आएको होटल बाढीले क्षति गर्दा स्थानीय, प्रदेश तथा केन्द्र सरकारको साथ नपाएको बताए। उनले अझै पनि मेलम्चीलाई पुरानै अवस्थामा ल्याउन सकिने जनाउँदै यसमा सरकार जिम्मेवार हुनुपर्ने बताए। मेलम्चीवासीले आफ्नै प्रयासमा सहयोग जुटाएर संरचना जोगाएको उनले स्मरण गरे।

मेलम्चीको अर्को होटल मेलम्ची रिभर साइड इनका सञ्चालक जनकलाल श्रेष्ठले असार १ गतेको बाढी आउने क्रममै सयौँ ट्रिप ढुंगा ओसारेर लाखौँ रकम व्यक्तिगत खर्च गरी होटल बचाउन सफल भएको बताए। पुल नहुँदा वर्षायाममा चहलपहल निकै कम हुने गरेको उनले बताए। मेलम्चीमा भूकम्पपछि दैनिक १० लाखसम्म कारोबार भएको यहाँका स्थानीय होटल व्यवसायी बताउँछन्। हेलम्बुका बाढी प्रभावित ट्राउट व्यवसायी उत्तम भण्डारीले वैकल्पिक स्थानमा फेरि माछापालन शुरु गरी फेरि ट्राउट हब बनाउने प्रयासमा व्यवसायी रहेका जनाउँदै यसमा सरकारले पनि साथ दिनुपर्ने बताए।

मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले स्थानीय सरकारले मात्र नदी नियन्त्रण गर्न नसक्ने भएकाले प्रदेश तथा केन्द्र सरकारको सहयोगमा बाढी प्रभावित क्षेत्रमा कार्य भइरहेको बताए। उनले दीर्घकालीन सोचका साथ काम गर्नुपर्नेमा जोड दिए। हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले व्यवसायीलाई सरकारले ब्याज छुट तथा अन्य सुविधा दिएर सहयोग गर्नुपर्नेमा जोड दिए। उनले बाढी प्रभावित व्यवसायी अत्यन्तै मारमा रहेको जनाउँदै केन्द्र तथा प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए।

### डलर आम्दानीको नयाँ स्रोत

# इस्लिङटन कलेजद्वारा शैक्षिक व्यवस्थापनको निर्यात शुरुवात

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २४ मंसिर।

नेपालमा विदेशी मुद्रा आम्दानीको मुख्य स्रोत भनेको रेमिट्यान्स हो। त्यसपछि पर्यटन र निर्यातमार्फत रेमिट्यान्सको तुलनामा कम विदेशी मुद्रा आर्जन हुने गर्छ। तर, पछिल्लो समयमा विदेशी मुद्रा आर्जनको लागि अन्य स्रोतहरुको पनि विकास हुँदै गएको छ। ठूलो संख्यामा युवाहरुको संलग्नता रहेको आइटी क्षेत्रले नेपालमा ठूलो मात्रामा विदेशी मुद्रा भित्र्याउने काम गरिरहेको सरकारले नै स्वीकार गरेको छ। जसलाई औपचारिक दायरामा ल्याउनको लागि सरकारले चालु आर्थिक वर्षको बजेटमा आइटीक्षेत्रबाट हुने आम्दानीमा न्यून कर लिने घोषणा गरेको छ। त्यस्तै पछिल्लो समयमा शैक्षिक व्यवस्थापनको निर्यात गरेर विदेशी मुद्रा आम्दानी गर्न काठमाडौं स्थित इस्लिङटन कलेजले शनिबार मात्रै चारपक्षीय समझदारी गरेको छ। समझदारीअनुसार कलेजले बेलायतस्थित लन्डन मेट्रोपोलिटिएन युनिभर्सिटीको बिए (अनर्स) कोर्षको म्यानमार र थाइल्याण्डका केही कलेजमा व्यवस्थापन गर्ने जिम्मेवारी पाएको छ।

इस्लिङटन कलेजले विगत १२ वर्षदेखि नेपालमा विदेशी विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। आइएनजी ग्रुपका संस्थापक अध्यक्ष शुलभ बुढाथोकीले आँफूले नै नेपालको उच्च शिक्षा तहमा विदेशी शैक्षिक कार्यक्रम ल्याएको बताउँदै अब विदेशी कलेजहरुमा व्यवस्थापन निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न शुरुवात गरेको बताए। 'नेपालमा विदेशी शैक्षिक कार्यक्रम पहिलोपटक ल्याउन पहल गरेको हामीले नै हो र अब विदेशी कलेजमा व्यवस्थापन गरेर विदेशी मुद्राको आम्दानी पनि गर्दैछौं', उनले भने। पछिल्लो समयमा नेपाली विद्यार्थीहरुको क्षमता पनि अन्तर्राष्ट्रियस्तरको भएको बताउँदै लन्डन मेट्रोपोलिटिएन युनिभर्सिटीले आफ्नो कलेजको क्षमताका आधारमा नै सो जिम्मेवारी दिएको बताए।




शनिबार काठमाडौंमा आयोजना गरिएको एक समारोहमा इस्लिङट्न कलेज, लण्डन मेट्रोपोलिटिएन विश्वविद्यालय, माइ सेकेण्ड टिचर र आरभिआई ग्रुप बीचमा लण्डन मेट्रोपोलिटन विश्वविद्यालयको बिए (अनर्स) बिजनेस प्रशासन कोर्ष अध्ययन गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। जसअनुसार सो विश्वविद्यालयले तयार गरेको पाठ्यक्रम आरभिआई ग्रुपद्वारा सञ्चालित कलेजहरुमा म्यानमार र थाइल्याण्डमा अध्यापन हुनेभएको छ। आरभिआईका कलेजहरुमा विश्वविद्यालयको बिए (अनर्स) कार्यक्रम सञ्चालनको लागि इस्लिङटन कलेजले शिक्षकलाई तालिम प्रदान गर्ने, विद्यार्थीहरुलाई परामर्श गर्ने, विद्यार्थी भर्नामा सहयोग पुर्याउने र विद्यार्थीको परीक्षाको पुस्तिका जाँच गर्ने काम गर्ने काम गर्नेछ। 'नेपालको शैक्षिक इतिहासमा यो धेरै ठूलो उपलब्धि हो', अध्यक्ष बुढाथोकीले भने।

विश्वको चर्चित मानिएको आरभिआई ग्रुपले विश्वविद्यालयको पाठ्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सम्पुर्ण सहयोग गर्नेछ। सिंगापुरमा कार्यालय रहेको आरभिआई ग्रुपले विश्वका २० शैक्षिक केन्द्र र ६ वटामा एकेडेमिक्स काम गरिरहेको छ। इस्लिङटन कलेजले समझदारीअनुसार विद्यार्थीको स्नातकसम्मको यात्रामा सम्पूर्ण प्रक्रियालाई सहजीकरण गर्ने काम गर्छ। अध्यक्ष बुढाथोकीका अनुसार सो प्रकृयामा भूमिका निर्वाह गरेवापत कलेजले राम्रो विदेशी मुद्रा आर्जन गर्छ। 'हामी विदेशी कलेजमा व्यवस्थापन गरेर नेपालको शिक्षाा क्षेत्रमा मुख्य भुमिका खेल्न सफल भएका छौं, यो हाम्रो मात्र होइन मुलुकमै गर्व गर्ने विषय हो।'

सम्झौतापत्रमा आरभिआइ ग्रुपका आर्गस एङ्ग, माइ सेकेन्ड टिचरका संस्थापक डा.बेन्सन सुङ, इस्लिङट्न कलेज र इनोभेट नेपाल ग्रुपका संस्थापक अध्यक्ष शुलभ बुढाथोकी र लण्डन मेट्रोपोलिटन विश्वविद्यालयका हेड अफ एकेडेमिक पार्टनरसिप डा.वेन्डी ब्लोइसीले हस्ताक्षर गरेका छन्। सम्झौतापत्रमा हस्ताक्षर पछि लण्डन मेट्रोपोलिटन विश्वविद्यालयका हेड अफ एकेडेमिक पार्टनरसिप डा.वेन्डीले नेपालमा उत्कृष्ट शिक्षा दिन सफल इस्लिङट्न कलेजले दुई देशका कलेजको व्यवस्थापन जिम्मा लिनु महत्वपुर्ण विषय भएको बताइन्।

पछिल्लो समयमा नेपाली विद्यार्थीहरु विश्वका प्रतिष्ठित सूचना प्रविधि कम्पनीहरुमा पुग्न सफल भएको बताउँदै कलेजका अध्यक्ष बुढाथोकीले अब नेपालीहरु विश्वसँग प्रतिस्पर्धात्मक अवस्थामा पुगेको बताएका छन्। नेपालमा समय-समयमा विदेशी मुद्रा सञ्चय देखिने गरेकोमा शैक्षिक तथा वौद्धिक क्षमता निर्यात पनि अबको विदेशी मुद्रा आम्दानीको मुख्य स्रोत बन्न सक्ने विषयलाई इस्लिङटन कलेजले नेतृत्व गर्दै उदाहरण शुरुवात गरेको छ। जुन नेपालको शैक्षिक क्षेत्र मात्रै नभएर आर्थिक क्षेत्रका लागि पनि उदाहरणीय विषय बन्न सक्छ।

## डेढ अर्बको लागतमा अमलेखगञ्जमा पेट्रोल ट्याङ्की निर्माण हुने




**काठमाडौं/रासस** – नेपाल आयल निगमले बाराको अमलेखगञ्जमा पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह (ट्यांकी) निर्माण गर्ने तयारी थालेको छ। विसं २०७६ भदौ २४ गते भारतको मोतिहारीदेखि नेपालको बाराको अमलेखगञ्जसम्म ६९ किलोमिटर 'मल्टी पाइप लाइन' विस्तार गरेर डिजेल ल्याउन सुरु गरेको निगमले पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह निर्माण गर्ने तयारी थालेको हो। पाइपलाइन विस्तार भएको ६९ किलोमिटर क्षेत्रमध्ये भारतमा ३३ र नेपालमा ३६ किलोमिटर भूभाग पर्दछ। उक्त पाइपलाइन विस्तारका लागि भारतीय आयल निगमले दुई अर्ब भारतीय रुपैयाँ खर्च गरेको थियो। एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल ल्याउन मिल्ने भए पनि भण्डारणका लागि छुट्टै भण्डारण गृह नहुँदा पेट्रोल र मट्टितेल पाइपलाइनबाट ल्याउन समस्या भएको थियो। अमलेखगञ्जमा पेट्रोल र मट्टितेलको लागि भण्डारण गृह नहुँदा पाइपलाइनको उपयोग ५० प्रतिशतभन्दा कम भएको छ।

काठमाडौं। नेपाल आयल निगमले बाराको अमलेखगञ्जमा पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह (ट्यांकी) निर्माण गर्ने तयारी थालेको छ। विसं २०७६ भदौ २४ गते भारतको मोतिहारीदेखि नेपालको बाराको अमलेखगञ्जसम्म ६९ किलोमिटर 'मल्टी पाइप लाइन' विस्तार गरेर डिजेल ल्याउन शुरु गरेको निगमले पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह निर्माण गर्ने तयारी थालेको हो। पाइपलाइन विस्तार भएको ६९ किलोमिटर क्षेत्रमध्ये भारतमा ३३ र नेपालमा ३६ किलोमिटर भूभाग पर्दछ। उक्त पाइपलाइन विस्तारका लागि भारतीय आयल निगमले दुई अर्ब भारतीय रुपैयाँ खर्च गरेको थियो।

एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल ल्याउन मिल्ने भए पनि भण्डारणका लागि छुट्टै भण्डारण गृह नहुँदा पेट्रोल र मट्टितेल पाइपलाइनबाट ल्याउन समस्या भएको थियो। अमलेखगञ्जमा पेट्रोल र मट्टितेलको लागि भण्डारण गृह नहुँदा पाइपलाइनको उपयोग ५० प्रतिशतभन्दा कम भएको छ।

अमलेखगञ्जमा हाल डिजेल भण्डारणका लागि दुई ४५ लाख लिटरका ट्यांकी, एक ४१ लाख तथा अर्को ३९ लाख लिटरको ट्यांकी रहेको छ। उक्त क्षेत्रबाट हाल एकैपटक २१ गाडीले डिजेल भर्न पाउँछन्। पाइपलाइनमार्फत भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म डिजेल ल्याँउदा निगमको वार्षिक दुई अर्ब रकम बचत हुँदै आएको छ। नेपाल आयल निगम अमलेखगञ्जका प्रमुख इन्जिनियर प्रदीपकुमार यादव पेट्रोल र मट्टितेल ल्याउनका लागि आयल निगमले छुट्टै भण्डारण गृह बनाउन शुरु गर्न लागेको बताउँछन्। 'पेट्रोल भण्डारण गृह निर्माण गर्नका लागि हामीले भारतीय निर्माण व्यवासायी कम्पनी र भारतीय आयल निगमका प्रतिनिधिसँग निरन्तर छलफल गरिरहेका छौं' उनले भने।

निगमले पेट्रोलको भण्डारण गृह निर्माणका लागि मङ्सिर २३ (हिजो)मात्र भारतीय निर्माण कम्पनी र भारतीय आयल निगम पटनाका प्रमुखसँग भेटेर छलफल गरेको छ। पाइपलाइन बनाएर पूर्णरुपमा प्रयोग गर्नका लागि पेट्रोल भण्डारण गृह बनाउन लागिएको इन्जिनियर यादवको भनाइ छ। उनले सन् २०२४ को जनवरीसम्म पेट्रोल भण्डारण गृह सम्पन्न गर्ने गरी काम अगाडि बढाउन लागिएको बताए।

डिजेलका लागि भारत सरकारको अनुदानमा भण्डारण गृह निर्माण गरिदिए पनि पेट्रोल भण्डारणका लागि भने नेपाल आफैंले भण्डारण गृह बनाउन लागेको हो।

## अलैँचीको मूल्य घट्दै



काठमाडौं/रासस - अलैँचीको मूल्यमा गिरावट आएको छ। एक हप्ताअघि सम्म झापाको बिर्तामोडमा प्रतिमन २६ हजारका दरले अलैँचीको कारोबार भएकोमा अहिले २४ हजारमा झरेको छ। यो वर्षको नयाँ उत्पादन शुरु हुँदा २८ देखि २९ हजारका दरले समेत कारोबार भएको थियो। क्रमशः मूल्य घटेर अहिले २४ हजारमा झरेको अलैँची व्यवसायीले बताएका छन्। यो वर्ष अलैँचीको माग न्यून भएकाले पनि मूल्य बढ्न नसकेको अलैँची व्यवसायी नरेन्द्र तिवारीले बताए।

पछिल्लो समय अलैँचीको उत्पादनमा वृद्धि भएको तर माग न्यून भएकाले मूल्य नबढेको उनको तर्क छ। उनले यस वर्ष झन्डै चार सय मन अलैँची जम्मा गरेका छन्। जसमध्ये आधा जसो २९ हजारका दरले किसानबाट लिइसकेका छन्। बजार र मूल्य नभएपछि सबै अलैँची गोदाममै थन्क्याएर राखेको उनले बताए।

यता किसानले समेत मूल्य पर्खिएर बसेका छन्। आफूले उत्पादन गरेको अलैँची साहुलाई जिम्मा लगाए पनि मूल्य बढ्ला भनेर भाउ काटेका छैनन्। मूल्य तलमाथि भइरहने भएकाले अन्योल हुने गरेको सिरीजंगा-७ खेवाङका किसान राजकुमार भट्टराईले बताए। अलैँचीको बजारका लागि भारतकै भर पर्नुपर्ने भएकाले ठूला व्यापारी पनि समस्यामा परेका छन्। गत वर्ष प्रतिमन ४८ हजारका दरले समेत कारोबार भएको थियो। त्यसयता क्रमिक रुपमा मूल्य घट्दै गइरहेको व्यवसायीले बताएका छन्।


## जनकपुरधाम उपमहानगरपालिकाले भूमी वर्गीकरणको काम सक्यो

**काठमाडौं/रासस** - जनकपुरधाम उपमहानगरपालिकाले भूमि वर्गीकरण कार्य टुंग्याएको छ। वर्गीकरणअनुसार वडा नम्बर १ देखि १४ सम्मको जग्गा गैरकृषि र वडा नम्बर १२ को केही जग्गालाई कृषि क्षेत्रमा राखिएको छ। अब रोकिएको कित्ताकाट मालपोत र नापी कार्यालयबाट फुकुवा हुनेछ। जनकपुर उद्योग वाणिज्य संघलगायतले भूमि वर्गीकरणसम्बन्धी निर्णय गर्न उपमहानगरपालिकासित माग गर्दै आएका थिए। उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले जग्गा वर्गीकरणको निर्णय भइसकेको बताए। 'जग्गा वर्गीकरणको क्रममा सरकारले निर्धारण गरेको बसोबास क्षेत्रको आठ धुर जग्गा कित्ताकाट हुने यथावत छ, कृषि क्षेत्रको जग्गा दुई कट्ठाभन्दा कम्तीको कित्ताकाट हुँदैन', उनले भने।

वडा नम्बर १५ देखि २५ सम्मको जग्गामा कृषि र गैरकृषि क्षेत्र विभाजन गरिएको उनले बताए।

## हामी सऱ्यौं

मध्यान्ह राष्ट्रिय दैनिकको कार्यालय बागबजारबाट का.म.पा.-२८, कमलपोखरीमा सरेको सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै, यस दैनिकको कार्यालयको फोन: ०१-५३२६३६६, ५३२८२९८ र मोबाइल नं. ९८४१८८५६७० रहेको पनि जानकारी गराइन्छ।




मध्यान्ह राष्ट्रिय दैनिकको ठेगानाको नक्सा

मध्यान्ह राष्ट्रिय दैनिक

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ